नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०६९ कार्तिक पूर्णिमा कति पुन्हि वर्ष ४० अंक ७
बु.सं. २५५६ नेसं ११३२/३

The Ananda Bhoomi (Year 40, Vol. 7)
A Buddhist Monthly : Nov/Dec. 2012

*प्रमुख सल्लाहकारः*
भिक्षु मैत्री महास्थविर (प्रमुख, आ. कु. वि.)

*सल्लाहकार :* भिक्षु धर्ममूर्ति (कार्यवाहक प्रमुख, आ.कु.वि.)

*ब्यवस्थापक :* **भिक्षु अस्सजि**, आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी :* **भिक्षु सरणंकर**

*वितरण तथा अर्थ :* **भिक्षु पियदस्सी**

*वितरण सहयोगी :* **विवेक महर्जन**

*लेखा व्यवस्थापनः* **सुरेश महर्जन, स्वयम्भू**

*आवरण डिजाइन/भित्री सेटिङ्ग :* **विनोद महर्जन**

*कम्प्यूटर सज्जा :* **राजकुमार छुका, ख्वप**

*सम्पादन सहयोगी*
**भिक्षु वजिरञाण**, बुद्धविहार भृकुटीमण्डप

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरुः***
बुद्धजयन्ती समारोह समिति (श्रीघः), शाक्य वाच शप-बनेपा, अ. इन्द्रावती, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य (बुटवल), विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य, देवेन्द्र शाक्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्ग), विजय गुरुङ्ग (लमजुङ्ग) ।

***मुद्रणः***
**आईडियल प्रिन्टिङ्ग प्रेस**, ग्वार्को, ललितपुर, फोनः २१२०२३५

***प्रकाशकः***
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०
*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



मा पियेहि समागञ्छि - अप्पियेहि कुदाचनं ।
पियानं अदस्सनं दुक्खं - अप्पियानञ्च दस्सनं ॥

**अर्थात् : प्रिय र अप्रिय दुबैको संगत नगर, किन कि प्रेमीलाई नदेख्दा पनि र अप्रेमीलाई देख्दा पनि दुःख हुन्छ ।**

**प्रिय व अप्रियपिं नाप संवास याये मते, प्रियपिं मखनेवं नं दुःख जुइ, अप्रियपिं खनेवं नं दुःख जुइ ।**

Let no man ever cling to what is pleasant, or to what is unpleasant. Not to see what is pleasant is pain, and it is pain to see what is unpleasant.

**– धम्मपद, २१०**

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।
फोनः ४२७१४२०
E-mail : anandakutivihar@gmail.com
gkondanya@gmail.com, kondanya@soon.com
info@anandabhoomi.com
Website: anandakutivihar.com.np
**www.anandabhoomi.com**

वार्षिक रु १५०/- एकप्रति रु २०/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।

सम्पादकीय

# कथिनोत्सवमा रचनात्मक प्रयत्न

विगतमाझैं यसवर्ष पनि विहारविहारमा धार्मिक उत्सवमय कथिन-उत्सव मनाइँदैछ । कथिन उत्सवको आफ्नै निदान-इतिहास, महत्त्व र विशेषताका कारण यसले यौटा छुट्टै थेरवादी धार्मिक संस्कृतिको स्वरूप लिइसकेको छ । विनयग्रन्थअनुसार बुद्धको समयमा यातायात असुविधा तथा वर्षायामको कारणले उत्पन्न हुने जीवहरूको उपघात हुने अपवादबाट बच्न, वर्षाले रूझी हुने रोगबाट मुक्त हुन, धर्मको गहिरो अध्ययन-अध्यापन, ध्यानाभ्यास, आध्यात्मिक-मानसिक चिन्तनको विकासकासाथै श्रद्धालु अनुयायी उपासकउपासिकाहरूले पनि धर्मश्रवण गरी ज्ञानलाभ गर्छन् भन्ने रचनात्मक अवधारणाको विकसितरूप स्वरूप 'वर्षावास' को विधान भएको हो भन्ने पक्षलाई नकार्न सकिंदैन । यसरी नै एउटै विहारमा तीन महिनासम्म अक्षुण्ण रूपमा निवासगरी धर्मको अभ्यास गर्ने भिक्षुहरूका लागि सुविधा र विनय-नियमको दृष्टिकोणबाट केही छुटकाराको व्यवस्थाका लागि स्वयं बुद्धकै विद्यमान अवस्थामै प्रचलनमा देखिएको सांस्कृतिक विधान हो- कथिन चीवर दान ।

'**कथिन उत्सव**' निश्चित नियम र परिधिभित्र आबद्धभई सश्रद्धाले गर्ने धार्मिक कार्य भएकोले यसलाई आकाशबाट अवतरितझैं महान आनिशंस प्राप्त हुने दानमध्ये एक उत्कृष्ट दानको रूपमा परिभाषित गरिन्छ । आजभोलि 'कथिनोत्सव' मान्नु सम्बद्धविहार र भिक्षुहरूका लागि प्रतिष्ठा र गर्वको विषय बन्दै गएको छ भने प्रतिस्पर्धात्मक एवं बाह्य प्रदर्शनमा बढावा दिंदै अघिबढ्ने प्रयासबाट सम्बन्धित पक्ष सचेत हुनुपर्ने देखिन्छ, अन्यथा विकृतिले ठाउँ पाउने हुन्छ ।

कुनैपनि धर्मसंस्कृतिले आध्यात्मिक सुखशान्तिको अलावा त्यसले सामाजिक परिवर्तनमा भूमिका निर्वाह गर्न सके, जनस्तरबाट धान्न सके, सहजरूपबाट अपनाउँदै जानसके, आर्थिक मितव्ययी अपनाउन सके त्यस किसिमको सांस्कृतिक धरोहरले जरो गाड्दैजाने स्वाभाविक कुरा हुन् । जहाँसम्म कथिनोत्सवको कुरा छ, यसलाई उत्सवमैं मात्र सीमित गर्ने सोचबाट हामी सम्बन्धित सचेत हुनुपर्छ भन्ने मान्यताको कदर गरिनु हाम्रै लागि सुखद् विषय हुनसक्छ ।

श्रद्धा र आस्थासहित कथिनोत्सवमा हुने दान-प्रदानको संस्कार निश्चय पनि धर्मगौरवको विषय हो । व्यवस्थित, शिष्ट, सौम्यता अपनाई दानदिंदाको सुखद् आनन्द धर्मप्रीतिमा परिणत हुने सुनिश्चित छ । प्रतिष्ठित धार्मिक कार्यलाई सम्बन्धित सबैले धर्मगौरवपूर्वक त्यसलाई निरन्तरता दिने चेष्टा हामीमै हुनु नितान्त आवश्यक छ । नेपालमा थेरवाद बुद्धशासनभित्र सांस्कृतिक वार्षिक पर्वको रूपमा अगाडि बढेको धर्मगौरवमय कथिन उत्सवलाई निरन्तरता दिने कार्यमा एकरूपताका लागि, ज्ञानवर्द्धक एवं चारित्रिक र आध्यात्मिक ज्ञान अभिवृद्धि गर्ने, मानसिक सुखशान्ति विकास गर्नेतर्फ केन्द्रित गर्न हामी सबै सम्बद्ध अनुयायीहरूले धर्मको मर्मलाई ख्याल गरी अगाडि बढ्नु आफैमा महत्त्वपूण पाटो हो । हाम्रो धर्मसंस्कृतिलाई हामी आफैले गौरवपूर्ण तवरले स्वीकार गर्न सक्नुपर्छ । यसै कथिनोत्सव पर्वमा भिक्षु महासंघले गतवर्षमा जस्तै यस वर्ष पनि चन्दा-दान संकलन गर्ने अभियान थाल्ने भएको छ ।

अखिल नेपाल भिक्षु महासंघले लुम्बिनीमा थेरवाद बुद्धविहार निर्माण गर्न लुम्बिनी विकास कोषसँग जम्मा लागतको १५ प्रतिशत रकम रू. ३६,७३,२४५।-(छत्तिसलाख त्रिहत्तर हजार दुईसय पैंतालीस) बुझाई सम्झौता गरिसकेको छ भने सो प्राप्त जग्गामा रू. ५१,१७,८९०।-(एकाउन्नलाख सत्रहजार आठसय नब्बे) खर्च गरी पर्खालले घेर्ने कार्य सम्पन्न गरिसकेको छ । गतवर्ष अखिल नेपाल भिक्षु महासंघले सम्बद्ध सम्पूर्ण संघसदस्यहरूलाई अनिवार्य रूपमा आर्थिक सहयोग गर्न आह्वान गरेअनुरूप सहयोग कार्य जारी रहेको छ भने गतवर्षको कथिनोत्सवमाझैं यसवर्षको कथिनोत्सव महिनाभरिमा प्राप्त दानमध्ये रू. २५०।- प्रति व्यक्तिले बुझाउनु पर्ने व्यवस्थासहित सम्पूर्ण अष्टपरिष्कार दानबाट उठ्ने एक प्रतिको रू. १५००।- रकम लुम्बिनीमा निर्माण गरिने विहारको लागि संकलन गरिने भनी गरिएको निर्णयलाई रचनात्मक कदम मान्न सकिन्छ । गतवर्षमा संघसदस्यहरूबाट रू. २५०।- प्रति व्यक्ति गरी करिब रू. ३,७५,००० ।-, ४६ वटा विहारमा दान गरिएको अष्टपरिष्कारबाट जम्मा रू. १९,००,५००।-, र दाताहरूबाट गरी अहिलेसम्म जम्मा संकलन रकम लगभग ८२,००,०००।- (बयासीलाख) संकलन भएको देखिन्छ । वास्तवमा यस्तो रचनात्मक पहलकदमीअनुरूप प्राप्त हुने आर्थिक सहयोगबाटै बुद्ध जन्मभूमि लुम्बिनी गुरुयोजनाभित्र नेपाली थेरवादीहरूकै प्रतिनिधित्वस्वरूप नेपाली थेरवाद बुद्धविहार निर्माण गर्न सकिने हुन्छ । सम्बन्धित श्रद्धालु दाताहरूको यथाश्रद्धालाई सदुपयोग हुने कार्यले दाताहरूबाट हुने श्रद्धादान कार्यमा अभिवृद्धि होस् भन्ने कामना गर्दछौं ।

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | विजय-महोत्सव | कल्याण मित्र सत्यनारायण गोयन्का | ४ |
| २. | बुद्धधर्मको रूपरेखा | डा. मिलनरत्न शाक्य | ६ |
| ३. | मानव जीवन सफल पार्न स्थिर चित्तको आवश्यकता | लोकबहादुर शाक्य | १० |
| ४. | सामाजिक सञ्जालमा बुद्धको छवी | केशरी वज्राचार्य | १२ |
| ५. | महामानव बुद्ध र मानव-धर्म | पुरन शाक्य | १४ |
| ६. | आनन्दकुटी विहार (संस्था) को वार्षिक प्रतिवेदन | भिक्षु धर्ममूर्ति | १६ |
| ७. | युवाहरूको व्यक्तित्व विकासका लागि बुद्धधर्म | संचित बुद्धाचार्य | १८ |
| ८. | बुद्धभूमि | धर्मनारायण महर्जन | १९ |
| ९. | बुद्धको अन्तिम यात्रा विवरण-११ | अनु. दुण्डबहादुर वज्राचार्य | २० |
| १०. | पञ्चशीलको मह□व | श्वेता वज्राचार्य | २२ |
| ११. | समय | ई. पन्नाराज शाक्य | २३ |
| १२. | गरी देऊ उद्धार | राज शाक्य | २४ |
| १३. | राज्यं अन्याय याके मज्यू | हेरारत्न शाक्य | २५ |
| १४. | बखुं मिखां स्वयेवं | हरिमान दिवाकर | २५ |
| १५. | **Basic Teachings of the Buddha** | **Dr. Ganesh Mali** | २६ |
| १६. | बौद्ध गतिविधि | | २९ |


## यस वर्ष २०६९ मा हुने कथिनोत्सवको तालिका (कार्तिक १५-मंसिर १३ सम्म)

| गते | बार | विहार (कार्तिक महिनाको) | गते | बार | विहार (मंसिर महिनाको) |
|---|---|---|---|---|---|
| १५ | बुध | संघाराम विहार, ढल्को | १ | शुक्र | श्रीघः विहार, नघल |
| | | बौद्धशान्ति विहार, चापागाउँ-बुलु | २ | शनि | सुमंगल विहार, लुँखुसी |
| १६ | बिहि | प्रणिधीपूर्ण विहार, बलम्बु | ३ | आइत | बौद्ध समकृत विहार, ख्वप/ कुटीविहार, कोटेश्वर |
| १७ | शुक्र | ध्यानकुटी विहार, बनेपा | ४ | सोम | बोधिचर्या विहार, बनेपा |
| १८ | शनि | अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल | | | रत्नविपश्यना विहार, सानो भ्याङ्ग |
| | | मणिमण्डप महाविहार, पट्को ल.पु. | ५ | मंगल | बुद्धविहार भृकुटीमण्डप, काठमाडौं |
| १९ | आइत | जितवन विहार, थानकोट | ६ | बुध | गण महाविहार, गणबहाल |
| २० | सोम | ज्ञानकीर्ति विहार, नयाँ बजार | | | दोम्बु विहार, बलम्बु |
| २१ | मंगल | शाक्यसिंह विहार, थैना | ७ | बिही | पूर्वाराम विहार, धुलिखेल |
| २२ | बुध | धापाखेल बुद्धविहार, ललितपुर | ८ | शुक्र | बुद्धभूमि महाविहार, टोखा |
| | | शुभमंगल विहार, थानकोट | ९ | शनि | विश्वशान्ति विहार, नयाँ बानेश्वर |
| २३ | बिहि | बौद्धजन विहार, सुनाकोठी | १० | आइत | कीर्तिपुर विहार, कीर्तिपुर व सिद्धिपुर विहार,थसि |
| २४ | शुक्र | धम्मावास विहार, खुसिबुं | ११ | सोम | सुवर्णछत्रपुर विहार, लुभू |
| २५ | शनि | आनन्दकुटी विहार, स्वयम्भू | | | जितापुर गन्धकुटी विहार, खोकना |
| | | पद्मसुगन्ध विहार, मजिपात व शान्ति वन गोदावरी | १२ | मंगल | मनमैजु ध्यानकुटी विहार, मनमैजु |
| २६ | आइत | पुण्योदय विहार, जल | | | आनन्दभूवन विहार, स्वयम्भू |
| २७ | सोम | चतुब्रह्म बुद्धविहार, मातातीर्थ | १३ | बुध | यम्पि महाविहार, इबही |
| २८ | मंगल | धर्मचक्र आश्रम, बागबजार | नोट : कुनै कुनै विहारमा सीमितलाई मात्र निमन्त्रणा/दिवा कार्यक्रम हुनेछ । | | |

# विजय-महोत्सव



✍ कल्याण मित्र सत्यनारायण गोयन्का

विजय पर्व मनाउनुको एउटा मात्र उद्देश्य म पनि त्यस्तै विजयी बनुँ भन्ने प्रेरणा पाउनको लागि हो । कसैको विजयको गुणगान गाएर महोत्सव मनाएर, खुसी मनाएर हामीलाई के फाईदा ? लाभ त स्वयं विजयी हुनुमा छ । कसैले उसको आफ्नो शत्रुमाथि विजय हासिल गर्छ र फलस्वरूप शत्रुको अत्याचारबाट मुक्त हुन्छ । यसबाट हामीलाई कसरी सुख हुन्छ ? हामी तब सुखी हुन्छौं जब स्वयं आफ्ना शत्रुलाई खतम गरेर त्यसमाथि विजय प्राप्त गरी उसको अत्याचारबाट मुक्त हुन्छौं ।

भगवान् बुद्धले आफ्नो शत्रुउपर विजय हासिल गर्नुभयो । उहाँको दुश्मन थियो मार अर्थात् मृत्युराज । जुन हामी सबैको दुश्मन हो । राग, रति र तृष्णा उनका तीन छोरीहरू हुन् । ती छोरीहरूको माध्यमबाट सम्पूर्ण प्राणीमाथि आफ्नो आधिपत्य जमाउन सफल रह्यो । सम्पूर्ण प्राणी राग, रति र तृष्णाका अधिनमा छन् । यिनको बास्ना जालमा अलझेर प्राणीहरू बार-बार जन्म लिन्छन् र बार-बार मृत्युको फण्डामा पर्छन् । भगवान् बुद्धको यही सम्यक् सम्बोधि थियो, यही नै उहाँको विमुक्ति थियो । उहाँले राग, रति र तृष्णालाई जरैदेखि उखेलेर फ्याँकिदिनुभयो । मृत्युलाई, निर्वल, निशस्त्र गरी परास्त गर्नुभयो । उहाँ मारको बन्धनबाट मुक्त हुनुभयो ।

बुद्धले आफ्नो मारमाथि विजय पाउनुभयो, मारलाई परास्त गर्नुभयो, त्यस उपलक्ष्यमा खुसी मनाउँछौं । बुद्धको गुणगान गाउँछौं । त्यसबाट हामीलाई के फाईदा ? के त्यसबाट हामी पनि मुक्त हुन्छौं ? के हामी मृत्युबाट अलग रहन सक्छौं ? यदि साँच्चीकै त्यस्तो भइदिएको भए उहाँको विजय उत्सव मनाउनुको अर्थ अवश्य सार्थक हुने थियो । परन्तु यस्तो हुँदैन ? यदि बुद्धले मारमाथि विजय गर्नुभएर सारा संसार सदाको लागि मृत्युबाट मुक्त गर्नुभएको भए त्यो उत्सव मनाउनु उपयुक्त हुन्थ्यो । परन्तु यस्तो कहिले पनि भएको छैन, हुने पनि छैन । सबै प्राणी मृत्युको अधीनमा छन् किनकि सबैजना तृष्णाको अधीनमा छन् । त खुसी किन ? मुक्त हुनको लागि त स्वयं आफैं लड्नु पर्दछ, स्वयं आफैंले त्यसको जरा उखेल्नु पर्छ । तबमात्र मुक्ति प्राप्त हुन्छ, विजयी हुन्छ । बुद्धको विजय उहाँको लागि मुक्तिदायिनी सावित भयो । त्यस्तै प्रकारले एक ब्यक्तिको विजय उसको लागि मात्र मुक्तिदायिनी सावित हुन्छ । अरूको विजय, अरूको मुक्ति हाम्रो लागि प्रेरणाको कारण बन्न सक्छ, हाम्रो लागि मार्ग निर्देशिका बन्न सक्छ । यही हामी पनि त्यसमार्गमा अघि बढेर विजयी बन्न सक्यौं भने मात्र उनको विजय पर्व मनाउनुको सही अर्थ हुन्छ, सही लाभ हुन्छ । कोही एक ब्यक्तिले अन्य कोही ब्यक्तिमाथि विजय हासिल गरेको उपलक्ष्यमा खुसीयाली मनाउनु त झन् नराम्रो कुरा हो ।

विजया दशमीको दिनमा सम्राट अशोकले कलिङ्ग देशलाई पराष्ट गरेको थियो । त्यहाँको जनतामाथि विजय प्राप्त गरेको थियो । त्यस भयानक संग्राममा हजारौं मानिसहरू मारियो, लाखौं अङ्गहीन भए, कति अनाथ भए, कति टुहुरा भए, कति विधवा भए । यति धेरैको दुःखको माझमा अशोकले कलिङ्ग विजय प्राप्त गरे । के हामी त्यस विजयको खुसीयाली मनाऔं ? के त्यो विजय साँच्चैको विजय हो ? यस विजयको महिमा बढाउनको लागि विजेताको गौरब, गरिमा स्थापित गर्नको लागि कवि, लेखक तथा साहित्यकारहरूले विजयको गुणगान गाए ।


यस अङ्क



आनन्द भूमि

पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०

E-mail : anandakutivihar@gmail.com, anandakutivihar@ntc.net.np

gkondanya@gmail.com, kondanya@soon.com

गताङ्कमा



परन्तु यी सबैको बावजूद पनि त्यो विजय, विजय होइन । त्यो त अशोकको पराजय थियो । ऊ आफ्नो लालसाको गुलामी थियो । यशको दास थियो । तृष्णाको कैदी थियो । त्यसलाई कहाँ जित्न सक्यो र ? जितेको भए त्यस्तो ठूलो संहार किन गर्थ्यो ?

उनको साँच्चैको विजय त तब भयो जब त्यस विनाशले उनको आँखा खोल्यो । अरहन्त सन्त पुरूष मौगलिपुत्र तिष्यको सम्पर्कमा आएर त्यस विजय दिवसकै दिनमा अशोकले आफ्नो भूलको बोध गरे । फलस्वरूप उनले हिंसाको मार्ग परित्याग गरेर शान्ति मार्ग चुने । यही उनको विजयी थियो । उनले स्वयंमाथि विजय प्राप्त गरे, आफ्नो मनलाई जिते आफूमा निहित दुर्गुणलाई परास्त गरे । चण्ड अशोक धम्म अशोक बन्न पुगे । देवतासहित सबै प्राणीहरूलाई प्यारो लाग्न थाल्यो "देवनांप्रिय अशोक" कहलाए । युद्ध संग्रामको विकराल ज्वाला निभ्यो । शान्तिको शीतल लहर छरिन थाल्यो, सारा देशमा प्रेम, करूणा र जन-सेवाको पावन भावना लहराउन थाल्यो । चारैतिर सुखशान्ति र समृद्धिको साम्राज्य छायो । अशोकको यही साँच्चीको विजय थियो ।

यस प्रकारको विजय हामीले पनि गर्न सकौं । हाम्रो मनमा रहेको दुर्गुणको आगोलाई निभाउन सकौं । सही अर्थमा यही हाम्रो जीत हुनेछ । बाहिरी दुष्मनलाई जित्नु सही विजय होइन । हिंसाको बलले कोही ब्यक्तिलाई हनन् गरे पनि त्योभन्दा शक्तिवान ब्यक्तिले पुनः शीर उठाइहाल्छ । जय र पराजयको यस चक्रले हामीलाई सदैव अशान्त बनाइराख्दछ । आफूभन्दा बलवानदेखि सदैव भयभित भएर रहनुपर्ने हुन्छ । निर्भयदेखि सदैव टाढा नै रहन्छ । यस अवस्थामा हामी आफ्नो विजय कहिले मनाउन सकुँला र ? भगवान्ले भन्नुभएको थियो, "हजारौं पटक युद्ध भूमिमा हजारौं योद्धाहरूलाई पराजय गरेको ब्यक्ति पनि सही मानेमा विजयी भन्न योग्य छैन । साँच्ची विजयी त ती हुन् जसले स्वयं आफूमाथि विजय प्राप्त गरेको छ ।" बाहिरी दुश्मनलाई जित्ने ब्यक्तिले सदा वैर, विग्रह र अशान्तिलाई बढाउँदछ । ऊ सुखपूर्वक निदाउन सक्दैन । सुखपूर्वक त्यही ब्यक्ति निदाउन सक्छ जो बाहिरी हारजीतबाट अलग रहेको छ । बाहिरी हारजीतबाट त्यही ब्यक्ति अलग रहनसक्छ, जसले आफूभित्रको दुश्मनलाई जितेको छ, जस्ले आफूलाई जितेको छ । वास्तवमा जसले आफ्नो मनलाई जितेको छ, उसले जगतलाई जितेको छ । जो अहिलेसम्म मानसिक विकारको गुलाम छ, ऊ चक्रवर्ती सम्राट भएर पनि पराजित नै हुन्छ । अतः अन्यायमाथि विजय हासिल गरेर हामीलाई के फाईदा । जित्नुछ भने आफू स्वयंमा विजय प्राप्त गरौं । यही सही विजय हो । यदि अन्यमाथि विजय हासिल गर्नुछ भने निश्चल प्रेमले जितौं, असीम करूणाले जितौं, अपरिमित मैत्री भावले जितौं । लाठी, बन्दुक देखाएर होइन । लाठी, बन्दुकको जीत जीत होइन प्रत्येक बन्दुकको मुकावलामा कुनै न कुनै बलवान बन्दुक तयार भई नै रहेको हुन्छ । यस प्रतिस्पर्धामा जीत कहाँ ? परन्तु जसलाई प्रेमपूर्वक, मैत्री, करूणाले जित्छौं त्यो जीत कहिल्यै पराजय हुँदैन । यसको नष्ट हुने आशंका नै छैन ।

भगवान्‌को समयको अंगुलिमाल एक भयानक डाकू थियो । कोशल देशको राजा प्रसेनजीत त्यस राक्षसलाई हनन् गर्न चाहन्थ्यो । राजा यस कार्यमा असफल नै रह्यो । हुन त अधिक सैन्य बल लगाएको भए अंगुलिमाललाई मार्न सकिन्थ्यो । कसैलाई मारेर न मर्नेको उद्धार र अन्यलाई केही फाईदा । असली भलाई त उसलाई बदल्नुमा नै छ । उसलाई दानवबाट मानवमा परिणत गर्नुमा नै छ । यो काम असीम मैत्री र करूणाको बलले मात्र सम्भव छ । राजा प्रसेनजीतको तलवारले गर्न नसकेको काम तथागतको असीम मैत्रीले गऱ्यो । यसैको बलले उसलाई सही मार्गमा स्थापित गर्नसक्यो । अंगुलिमालले आफूले आफूमाथि विजय प्राप्त गरे, अर्हन्त भए, उसका पापवृत्ति टाढा भए । अब ती सन्त-पुरूष लोक सेवामा समाहित भए । सही अर्थमा उसको पनि उद्धार भयो, जनताको पनि उद्धार भयो । हिंसाले हिंसामाथि विजय पाउन सक्दैन । वैरभावलाई वैरभावले जित्न सक्दैन । अहिंसा र मैत्रीले हिंसा र वैरभावलाई जित्न सकिन्छ । यही सनातन धर्म हो । यही प्रकृतिको अटूट नियम हो । धर्मको यस महान रहस्यलाई हामी पनि बुझौं र हत्याको बदलामा त्याग र करूणाले अन्याय्माथि विजय हासिल गर्ने प्रयत्न गरौं । यो प्रयत्न तबमात्र सम्भव हुन्छ, जब स्वयं आफूमाथि विजयी हुन्छ, आफ्नो मनको दुर्भावनालाई मेटेर स्वच्छ र निर्मल बनाउन सक्छ । यस्तो निर्मल चित्तमा मात्र भित्रैदेखि मैत्री, करूणा परिपूर्ण हुन्छ । तबमात्र अन्यलाई पनि प्रेरित-प्रभावित गर्न सक्छ । तबसम्म स्वयं आफूमा विजय पाउन प्रयत्नरत रहौं । आफू स्वयंलाई स्वच्छ र निर्मल गर्ने काममा लागिरहौं । ↺

# बुद्धधर्मको रूपरेखा

✍ डा. मिलनरत्न शाक्य



'एशियाका ज्योति' का नामद्वारा पश्चिमा जगतले मानेका महामानव गौतमबुद्धको जन्मभूमिका कारण नेपालको पहिचानले समस्त नयाँ नेपालको संरचनामा शान्तिको स्पन्दन छाएको छ । बुद्धलाई विश्वले विविधरूपमा मानेका कारणलेमात्र बुद्धको अस्तित्व प्रकाशमा आएको भन्ने खालको नयाँ–नवीन अवधारणाले बुद्धलाई आफ्ना परम्परागत धरोहर, जातीयवर्ग, धार्मिक प्रतिविम्ब र आस्थाका महानायक एवं सम्प्रदायका जनक मान्ने थुप्रै उत्तर तथा दक्षिण एशियाका राष्ट्र तथा धर्मानुचारीलाई आश्चर्य तथा किंकर्तव्यविमूढ अवस्थामा पनि यस्तो 'सोच' ले नपारेको होइन । बुद्धको बुद्धत्वको प्रकरणमा विविध राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनले 'महानतम गाथा' तथा 'शान्तिको प्रतीक' को प्रतिमूर्तिका रूपमा मानेर नेपाललाई त्यसको श्रेय 'शान्तिका नायक भगवान् बुद्धको जन्मथलो-लुम्बिनी' सित तादात्म्य गर्ने सिलसिलामा पनि फुहररले सन् १८९६ मा रूपन्देहीको भूमिमा अशोकस्तम्भको उत्खनन् जनरल खड्ग शम्शेरको मार्गनिर्देशनमा भइसकेपछिको थालनी हो । एक डिसेम्बर १८९६ मा, एन्टोन एल्वास, फुहररले उक्त स्तम्भको अभिलेख-भियनामा ब्राह्मी अभिलेखविद् जर्ज फुहररकहाँ पढ्न पठाएपछि र आफूले मुस्किलले संस्कृतको अभ्यासबाट ब्राह्मीलिपि ठम्याउने प्रयासमा 'हिदबुधेजाते शाक्यमुनीति' र 'लुमिनी गामे' अक्षर पढेर यस स्तम्भको सरोकार बुद्धसँग हुनसक्ने कुरा ठम्याएका थिए । पछि भियनाबाट पूर्णपाठ पढेर फुहररकहाँबाट आएपछि सो अभिलेखले नेपालको 'लुम्बिनी' अञ्चलको रूपन्देही जिल्लामा बुद्ध जन्मेको तथ्य विश्वसामु प्रकट भए । (हेर्नुस् : चार्ल्स ऐलेन : द बुद्ध एन्ड फ्यूहरर् पृ. १३८)

यसभन्दा अघि बुद्धको जन्म 'लुम्बिनी' मा भएको भन्ने तथ्य विश्वव्यापी भइकन पनि 'लुम्बिनी' कहाँ थियो यसबारेमा भने अनभिज्ञ नै थिए । र, 'बुद्ध' लाई ऐतिहासिक पुरुषभन्दा पनि बढी आध्यात्मिक गुरू अथवा 'भगवान् बुद्ध' का रूपमा वैष्णवधर्मका प्रतिबोधक-विष्णुका अवतारका अवधारणामा संयोजन हुन्थ्यो र यसको महत्तालाई बढाउन धार्मिक धर्मभाणक र पण्डितहरू पछि पर्दैनथे । बुद्धको औचित्य देवतुल्य र देवीदेवताका परिवार खलकका अधिष्ठाताका रूपमा चिन्तन, मनन कारक साहित्य र चित्रमूर्तिमा समेत विविध प्रतिमांकेनको आयाममा पूजिँदै आएको छुट्टै कला इतिहास पनि नभएको होइन । (हेर्नुस् मिलनरत्न शाक्य, एन्सेन्ट स्टोन स्कल्पर्चस अफ् बुद्ध एन्ड बोधिसत्त्व, सिनास, त्रि.वि. २०११)

अपितु यही परम्परामा बुद्धको शिक्षा, दर्शन र अनुभवलाई 'धम्म'क नामले धार्मिक गाथा, ग्रन्थ र साहित्यका रूपमा व्यवहृतमात्र नभई एउटा २५०० वर्ष पुरानो 'परम्परागत-धर्म' को स्वरूप लिइसकेको छ । त्यसमा पनि यसको हाङ्गाबिङ्गा झ्याङ्गिएर दक्षिणमा श्रीलंकादेखि उत्तरमा भारत, नेपाल, तिब्बत, चीन, मङ्गोलिया, कोरिया, जापान, ताइवान (फर्मोसाद्वीप) हुँदै पूर्वी प्रशान्त महासागर छिचोलेको र पूर्वमै म्यानमार, थाइल्याण्ड, लाओस, भियतनाम, कम्बोडिया, इन्डोनेसिया, सिङ्गापुरजस्ता राष्ट्रमा सदियौँदेखि स्थापित 'महायान', 'थेरवादी' र 'लामाधर्म' का प्रतीकात्मक पुञ्जका रूपमा बुद्धमात्र होइन उनको मन्त्र, मण्डल र मूर्तिको प्रतिस्थापनले 'अन्तर्राष्ट्रिय धर्म' स्वरुप बोकिसकेको पाइन्छ । बुद्धको शिक्षा केवल भिक्षुहरूका निमित्तमात्र सीमित नराखी यसलाई भगवान् बुद्धले नै बुद्धकालमै गृहस्थी, राजपरिवार, ब्राह्मण परिव्राजकहरूलाई 'उपायकौशल्य' का निमित्त सुहाउँदो,' अनित्य, अनात्म र दुःख' को बोधनयुक्त 'ज्ञान' का रूपमा विस्तारित गरिसकेको अवस्थामा, बुद्धको अस्तित्व एक गुरूभन्दा महान् पथप्रदर्शक' र निवृत्तिमार्गका परिचायक 'निर्वाण'का अधिकारी, राग, द्वेष, लोभ, मोह, माया, मात्सर्य, क्रोध र भयबाट मुक्त 'मुक्तजीव' का रूपमा अन्य धर्म, पन्थ वा दर्शनका मतावलम्बीले समेत स्वीकारिसकेका सिद्धपुरूष' थिए । बुद्धको जीवनकालमै बौद्ध साहित्यअनुसार उनी अन्यधर्मीका बीच पनि लोकप्रिय भइसकेको कुरा जीवकको सुझावअनुरूप मगधसम्राट-अजातशत्रुसमेत उनका अनुयायी बनेको र बुद्धको महापरिनिर्वाण पश्चात् उनको अस्थिधातुमा '**भगवा पि खत्तियो अहमा पि खत्तियो**' भन्दै क्षेत्रीय वंशजका नाताले आफू पनि बुद्धको नातेदार भएको र उनको अन्तिम अवशेषका हकदार भएको तथ्य महापरिनिर्वाण सूत्रमै उल्लेख भएबाट पनि सिद्ध हुन्छ । त्यस्तै आफ्ना जीवनका अन्तिम घडीमा कुशीनगरको ककुत्था नदीबाट पानी ल्याउन आनन्दलाई अह्राएपछि, दोस्रोको भेट, बुद्धका गुरू आलारकालामका शिष्य, पुक्कुस मल्लसित

हुन्छ, जसको प्रेरणाबाट आनन्द ५०० गाडा गुडेको नदीको पानी लिनबाट केही समय पर्खनुपर्ने हुन्छ । बुद्धको गुणगानबाट ओतप्रोत भएपछि पुक्कुस पनि बुद्धधर्ममै दीक्षित भएबाट पनि अन्तिम क्षणसम्म पनि अन्य धर्ममाझ बुद्धको लोकप्रियता अझ तीव्ररूपमा स्थापित हुँदै थियो भन्ने पुष्टि हुन्छ । (राधाकुमुद मुखर्जी, पृ. २६३) लोकप्रियताको पराकाष्ठामा पुगेका बुद्धको कुशीनगरको 'महापरिनिर्वाण' पछि त उनको स्वरूपले 'दैवी' आकर्षण पाउनु स्वाभाविकै देखियो । तसर्थ उनको अनुस्मृतिमा चित्ताभि भष्म अवशेषसमेत आठ भाग लगाउन बाध्य भयो । ती आठ भागमध्येमा कपिलवस्तुका शाक्य, देवदहका कोलिय, कुशीनगर र पावाका मल्लहरू, वैशालीका लिच्छवीहरू, मगधसम्राट अजातशत्रु, वेठद्वीपका ब्राह्मणहरू र अल्लकप्पका बुलीहरू थिए । तिनीहरूले आ-आफ्ना राज्यमा 'बुद्धानुस्मृति' का प्रति 'चित्त' उद्दीपन हुने पूज्य स्मारक 'धूप' बनाउन लगाई स्तुत्य परम्पराको थालनी गरे । त्यसैगरी अजातशत्रुकै पालामा पहिलो महासंगायनबाट, पहिले बुद्ध उनको शिक्षा-धर्म र उनका श्रमणहरूको, संघमा समाहित 'बुद्धसंघ' को आदर्शलाई अभिलेखनको माध्यमबाट ग्रन्थ परम्पराको सूत्रपात 'त्रिपिटक' को आविर्भावबाट 'पूजनीय' परम्पराको उपोद्घात भए । तसर्थ सूत्र, विनय र अभिधम्म-तीन फाँटका धार्मिक नीति शास्त्र-धर्म शास्त्र-दर्शनशास्त्रका रूपमा शास्त्रीय परम्पराको द्योतक भयो । यसमा विनयपिटकले श्रमण संस्कृतिलाई बौद्ध परम्परा (कुल) मा सन्निहित हुने माध्यम बनाए । वास्तवमा बुद्धभन्दा पहिलो 'मुक्ति, मोक्ष र विमुक्ति' को कामना यायावर भई वाणप्रस्थीहरूको पन्थलाई 'श्रवण' भनिन्थ्यो । (हेर्नुस्: बृहदारण्यकोपनिषद् ४.३.२२) । पाली साहित्यमा बुद्धलाई 'श्रमण गौतम' भनिएको पाइन्छ । गौतम वास्तवमा शाक्यको गोत्र थियो जसरी मल्लहरू वासिष्ठ थिए । बुद्धलाई 'अंगिरस' पनि भनिन्छ । (इ.जे.थोमस, द लाइफ अफ बुद्ध, पृ.२३) । परिव्राजक भइसकेपछि 'थर' भन्दा 'गोत्र' बाट चिनिने परम्परामा बुद्ध 'अंगिरस' का 'गोतम' का परिचायक भए । तर बौद्धधर्मीहरूको माझमा यो उपनाम गौण रहे । अपितु 'भगवा' वा 'शास्ता' का नाममा व्याकृत हुँदै जयसेन शाक्यका पनाति, सिंहहनु शाक्यका नाति, शुद्धोदन र मायादेवीका पुत्रका नामले सिद्धार्थ गौतम, 'सम्यक् सम्बोधि' लाभपछि क्षेत्रीयकुलोत्पन्न शाक्यमुनि (सुत्तनिपात, ५२२-३), कोशलराज्यको साकेतबाट पलायन समूह कपिलवस्तुमा पुगी स्थायी बासिन्दा शाक्य (महावत्थु), भएको सांस्कृतिक परिवर्तनको दृष्टिकोणले हिमालयको फेदमुनिका वासिन्दा हुनपुगेको तथ्य साहित्यिक हुन् । बुद्ध शब्दको उपनाम बोधिलाभ उप्रान्त मान्नुपर्ने हुन्छ । श्रीलङ्काको परम्पराअनुसार उनको जन्म लुम्बिनीमा वैशाखपूर्णिमाका दिन इ. पू. ६२३ मा र महापरिनिर्वाण कुशीनगरमा ८० वर्षको उमेरमा इ. पू. ५४३ मा भएको मानिन्छ ।

तर यो तिथिमिति सम्राट अशोकको रवारबेला अभिलेखसित भिडाउँदा, ६२३ इ. पू. अमिल्दो हुन्छ । उनको राज्यारोहणको समय इ. पू. २७०, लाई सिंहली परम्पराअनुसार मिलान गर्दा त्यो क्षण बुद्धको महापरिनिर्वाणको २१८ वर्षपछिको गणनालाई दृष्टि दिँदा इ.पू.३२५ को समय देखिन्छ । यसमा मतान्तर छ । बुद्धको जन्मलाई (मज्झिमनिकाय ३,१८८, निदानकथा) बोधिसत्त्वको जन्म १० महिने गर्भावस्थामा मायादेवी कपिलवस्तुबाट देवदहतिर (माइत) जाँदैको समयमा बाटोमा अवस्थित रमणीय लुम्बिनी उद्यानमा, शालवृक्षको छहारीमुनि भएको र शिशु जन्मेको सात दिनमा परलोक भएको उल्लेख छ । यहाँ शिशु सिद्धार्थ जन्मेर 'सात पाइला' हिँडेको कुरा छैन । मातृविहीन शिशुलाई महाप्रजापति गौतमी, कान्छी आमा र विमाताले दूध ख्वाएर पालेको कुरा उल्लेखित छ । पाँचौं दिनमा नामकरण सिद्धार्थका रूपमा भएको तथ्यानुसार उनको जन्मराशि शतभिषा नक्षत्रयुक्त भई कुम्भ, शनिस्वामी, शूद्रवर्ण, द्विपदवश्य, अश्व (घोडा) योनि, वैरीयोनि महिष (राँगो), राक्षसगण आदि नाडी र साँढे (वृक्ष) आसन हुनाले वरूणस्वामी, कुरजाति चरसंज्ञक उर्ध्वमुखी देखिन्छ । यसबाट बहुप्रचलनमा आएको एउटा धारणाजस्तै बनिसकेको बुद्धको 'वृष' राशी, रोहिणी नक्षत्रयुक्त भई शुक्र स्वामी, वैश्यवर्ण, चतुष्पादवश्य, सर्पयोनि (मुचलिन्दसित तादात्म्य भएको), न्याउरीवैरी, मनुष्यगण, अन्त्यनाडी गोआसनको छवि, धूमिल हुनजान्छ । यो मत पछिल्लो र बुद्धत्वलाभपछिको भएकोमा सन्देह रहन्न ।

माथिको राशिचक्रको दृष्टिकोणमा बुद्धको जीवनलीलाको निरूपण गर्दा शनिस्वामी भइदिनाले दुष्करचर्याजस्तो कठिन तपको माध्यमले स्वआर्जित ज्ञानबाट घनीभूत भई मातृ-पितृ-स्वजनबाट विहित जीवनशैलीको कारक एवं श्रमण जीवन भई अभूतपूर्व सम्बोधिलाभको महत्ता र बुद्धत्वको सम्प्रभूत स्पष्ट नहुने पनि होइन । तथापि 'यथावादी तथाकारी' बुद्धलाई यस्तो शास्त्रीय ग्रन्थ प्रदत्तज्ञानको महत्ताभन्दा स्वआर्जित, स्वदर्शी सम्बोधनयुक्त बोधिज्ञानबाट अन्तरमुखी अन्तरिम गूढ रहस्यको जीवनजालोको भेदन सम्यक्समाधिको माध्यमबाट लाभ गरी (मज्झिमनिकाय, १,१६८) मा विवेच्य- 'जन्मव्याधि, जरामरण' को अविराम चक्रलाई तोड्ने 'निर्वाण' लाभ गर्ने व्यक्तित्वका रूपमा पूज्य भए । शनिद्वारा वशीभूत सिद्धार्थको व्यक्तित्वको निरूपण-जन्मलाई वन्धन मान्नुबाट र

संस्कार पनि बन्धनचक्र मानेर त्यसको शृङ्खलालाई प्रतीकात्मकरूपमा (च्छेवन) काटेर नै सफलता मिल्छ भन्ने 'हेतुचक्र' को क्रान्ति द्योतन उनले राजषी भेष त्यागेर, भिक्षुकको भेषधारण गरेबाट सिद्ध हुन्छ । भिक्षुत्वको संवृद्धि र जातीय बन्धनबाट च्युत हुन जन्मजरामरणको अविराम शृंङ्खला र संस्कृतिलाई त्याग्न ललितविस्तर अनुसार उनले आफ्नो माउरी रङको कपाल आफैं काटे । मज्झिनिकायमा यो प्रकरणलाई महाअभिनिष्क्रमण (१,२४०): म बोधिसत्त्व छँदा, सर्वसुलभ राजषी जीवन पनि मलाई बन्धन लाग्थ्यो विशुद्ध आध्यात्मिक जीवनको खोजमा मैले आफ्नो सुन्दर सुगन्धित कपाल आफै काटें अनि चीवरवस्त्र धारण गरी यायावर जीवन अपनाएँ' भन्ने उल्लेख गरेबाट स्पष्टिन्छ ।

नवीन स्वनिर्मित जीवनको खोजमा यी श्रमणले उपनिषद्को जीवनशैलीलाई आदर्श ठानी अन्धो व्यक्तिसरह स्वआर्जित ज्ञानको खोजमा-आलारकालम कहाँ राजगृहमा पुगे । उनीबाट औपनिषदिक ज्ञानबाट दीक्षित भई उनी उदकराम पुत्रकोमा 'चेतन न अचेतन' को दार्शनिक तत्त्व चिन्तनको भेदनमा समय व्यतित गरे । तत्पश्चात् आठौं शताब्दीको "दर्शनसार' मा उल्लेख अनुसार उनी सरयूनदी किनारमा पिहिताश्रवको अन्तर्गत श्रीपार्श्वनाथको संघमा मुनि बुद्धकीर्तिका नामबाट धर्म अभ्यास गरे । यसलाई बौद्धसाहित्यमा उरूवेलमा कठिन तप गरे भनी उल्लेख गरेको पाइन्छ । मज्झिमनिकायमा बुद्धको कपाल र दाह्री मुण्डनलाई 'शिलाचार' भनी व्याख्या गरिए तापनि जैनमतमा यो परम्परा उनीहरूको 'केश-लुञ्च-कृया' हो । यसरी गौतमले आत्मज्ञानको खोजीमा ब्राह्मण एवं जैन दुवै पद्धतिको अभ्यास गरेका थिए । श्रीमती रिसडेविड ( गोतम द म्यान, पृ. २२-२५) मा बृद्ध सर्वप्रथम ज्ञानको खोजीमा वैशालीमा आलारकालम र उद्दकरामकहाँ पुगेको त्यसपछि जैनमुनिकहाँ गएको उल्लेख गर्ने गरेको कुरा राखलदास वनर्जी र राधाकुमुद मुखर्जी सकार्छन् । रिसडेविड पनि उनको सङ्गत पहिले परिव्राजकहरूसित भएको र कालान्तरमा तिनै ५ जना पञ्चभद्रीय ब्राह्मण थिए जो मृगदावनमा पहिलो धर्मचक्र परिवर्तनको उपदेशबाट दीक्षित भएका थिए । ती हुन्-अभा कोण्डन्य, अस्सजि, वप्प, महानाम र भद्दिय । बुद्धले बुद्धत्व प्राप्ति यी उपर्युक्त दुबै पद्धतिलाई त्यागेर स्वआर्जित, स्वलक्षित ज्ञानको माध्यमबाट सम्यक् सम्बोधिलाभ गरीकन- चतुआर्यसत्य र अष्टांगिक मार्गको ज्ञानद्वारा 'हेतुचक्र' को बोधन र 'क्षणिक' अनित्यता, अनात्मता र दुवैको अज्ञानमा पिल्सिनु नै 'दुःख' हो र दुःखबाट उत्रनु नै 'निर्वाण' को बाटो हो भनी स्पष्ट, छोटो, सरल र निर्मल पथ खोले । त्यसैले सबभन्दा पहिले उनले दुईवटा "अति' लाई त्याग्नु है भिक्षु हो" भने । ती हुन् क) अति कष्ट र ख) तृष्णा । दुबैलाई छोडेर "मध्यम मार्ग" मा आऊ ।

किनभने कृतसङ्कल्पित सिद्धार्थले पहिले तिनै जटिल, निर्गण्ठहरूको दुष्करकृयालाई त्यागेर-तृष्णाक्षयी कालजयी बोधिज्ञान लाभ गरेका थिए । वैशाख पूर्णिमाकै दिन लाभ गरेको यो बोधिज्ञानले सिद्धार्थ गौतमलाई "बुद्ध" बनाएका थिए । अश्वघोष महाकविको काव्य बुद्धचरितको शब्दमा- धर्म विरागको बोध केवल जीवन मुक्तिका निमित्त होइन अपितु "आत्मज्ञान" का लागि हो । त्यसैले त्यो ज्ञान बोक्न शरीर चाहिन्छ भन्ने भावनाबाट प्रेरित भएरै गौतमले कठिन तपलाई त्यागेर 'खाना' खान थाले । योदेखि परिव्राजकहरूले यिनीलाई भ्रष्ट भो" भन्ठानेर त्यागेर हिँडे । उनको एकांकीपनाले आत्मज्ञानको मार्ग बढाए । र "अति सर्वथा वर्जयेत्" भन्ने भावना बटुलेका थिए । जो विधिज्ञान लाभ गर्ने हेतु साबित भए ।

कृतसङ्कल्पित-ध्यानी गौतमलाई वैशाख पूर्णिमाको रातको प्रथम प्रहरमा पूर्वजन्मको ज्ञान, द्वितीय प्रहरमा" दिव्यचक्षु" विशुद्ध भयो, तृतीय प्रहरमा द्वादश-प्रतीत्यसमुत्पादको हेतु ज्ञानलाभ र चतुर्थ प्रहरको सूर्योदय साथसाथ- "सर्वज्ञता" साक्षात्कार भए । बोधिज्ञानलाभ भएको सात हप्तासम्म उनी "विमुत्तिसुख" मा आसीन भए । त्यसको पहिलो हप्तामा बुद्ध ध्यानबाट जाग्रत अवस्थामा प्रत्येक रात- प्रतीत्यसमुत्पादको ध्यानमा निमग्न रहे । कसरी एक अर्काको आधारशीला यस जगतमा उत्पन्न विलय हुन्छ त्यसको ज्ञान 'कारण' र 'कार्य' सत्ताको 'उत्पत्तिक्रम' खोज्नमै तल्लीन भए । त्यसपछि त्यसबाट 'अविद्या' 'अज्ञान' को तह-तहमा नैतिक र अनैतिक क्रियाकलापको संजोग बुझे त्यसलाई संस्कार भनियो । यसको आयामिक सम्पर्क र विच्छेद अनि पुनः संरचनात्मक सञ्चालनलाई विज्ञान भनी ठम्याइयो । यस पुनः संजोगको चैतन्य अवस्थालाई नामरूप भनी चिने । नामरूपले उत्पत्ति ६ वटा आयतनहरूसित सम्बन्धित रहेको जाने । ती षडायतनको सम्पर्क सदैव स्पर्श (पालि-फस्स) बाट हुन जाने । स्पर्शको कारणले नै वेदना उत्पन्न हुन्छ र वेदनाले तृष्णा जन्माउँछ भनी जाने । त्यसैगरी, तृष्णाले उपादान र उपादानले भव, भवले पुनः जाति र जातिले नै जरा-मरण, शोक, परिदेव, दुःख, दौर्मनश्य र उपायास जन्माउँछ भनी ठाने । (नारद : द बुद्ध एन्ड हिज् टिचिङ्ग पृ. ३१)

उनको बोधिज्ञान प्राप्तिको दोस्रो हप्ता-त्राटक वा निर्निमेष आँखाले शान्तरूपमा बोधिवृक्षलाई एकटकले हेर्दै

बिताए । यसरी बोधिज्ञान लाभ गरिकन पनि उनले आफ्नो अस्थायी आवास नछाडेकोले देवताहरूले उनको ज्ञानमाथि शङ्का गर्न थाले त्यसैले तेस्रो हप्तापर्यन्त उनले श्रद्धाशक्ति उत्पन्न गरी (रत्न चक्रमण) रत्नजडित स्थल निर्माण गरी माथि तल घुमाएर हेरे । चौथो हप्तामा अभिधम्मको गूढ रहस्य बुझ्न रत्नागार उत्पन्न गरी ध्यान गरे । नारद लेख्छन्, शास्त्रहरूमा यो पनि भनिएको छ कि उनको पवित्र मति र शरीरका कारणवश 'पट्ठान" कर्म गर्दा र सप्त अभिधम्म उपवेशना गर्दा शरीरबाट ६ प्रकारका रश्मिहरू उत्पन्न भए ।

पाँचौं हप्तामा पुरा बुद्धले विमुत्तिसुखको अनुभव गरे । त्यतिबेला उनी बोधिवृक्षसँगको अजपाल वृक्ष (वर) मा ध्यानासीन भए । ध्यानबाट निवृत्त भएपछि उनीकहाँ एक हुँहुंक जातिको ब्राह्मण आएर के कति कारणले ब्राह्मण-ब्राह्मण बन्छ भगवान् ? भन्ने प्रश्न गरे । यत्तिकैमा बुद्धले खुशीसाथ जो व्यक्ति दुष्कर्म, दुष्कृत्य, राग, द्वेषमुक्त छ इन्द्रियनिग्रहमा रही आफ्नो विद्यामा पोख्त छ शुद्धजीवन शैली अपनाउँछ, त्यसलाई ब्राह्मण भन्नुपर्छ । त्यस्तो व्यक्तिलाई यो संसारमा कतै मोह हुँदैन । जो विरागी छ ऊ नै ब्राह्मण हो । जातक साहित्यमा यही समय, बुद्धको सामु मारका छोरीहरू- तृष्णा, आरति र रागले आएर उनलाई छोप्ने कोसिस गरेथे तर बुद्धले सजिलै उनीहरूलाई शमन गरे ।

छैटौं हप्तामा अजपाल वृक्ष छोडी बुद्ध मुचलिन्द रूखमुनि ध्यान गर्न पुगे । त्यसरूखमा बस्ने मुचलिन्द नागले बुद्धलाई सात फन्को बेरेर आफ्नो विशालफणा छाताझैँ ओडाएर सातदिनसम्म रहे । सातौं दिनसम्म पनि बुद्धको अटल ध्यानमा कुनै आँच नआएको देखेपछि मानिसको रूपधरी याचना गरे । यसमा बुद्धले 'सन्तोषी सदा सुखी' भन्ने आशयको उदानकथामा लोकप्रिय सुखी उही हुन्छ जो अनास्रव (निर्लिप्त) रहन्छ" भन्ने उपदेश दिए । सातौं हप्तामा बुद्ध राजायतन रूखको फेदमा ध्यान गरी निर्वाणसुखको चिन्तन गरे ।

यसरी जति पनि आफू आफूमै स्वउत्पन्न हुन्छ वा निर्मित हुन्छ त्यो आफू आफूमै स्वतः नष्ट पनि हुन्छ । त्यसको वास्तु संरचनाकारले त्यसैले राग, लोभ र मोहको त्याग गरी अर्हत् हुने कामना गर्नुपर्छ, जो क्षीनास्रव, लोभ, राग, मोह नभएका निर्लोभी, वैरागी निर्मोहीले मात्र प्राप्त गर्नसक्छ । त्यो सबै प्राप्त गरिसकेपछि पनि पुनः यो संसार उच्चतमकोटीको निर्वाण लाभ गर्न बाँकी रहन्छ । उपर्युक्त तथ्य बुद्धको बुद्धत्वको र उनको धर्म उद्बोधनको सार हो जसको निरन्तररूपमा अध्ययन मनन गर्नु र अनुसन्धानको कसीमा घोट्नु नै बौद्ध अध्ययनको एक अभिप्राय हो । ९

(लेखक: बौद्ध अध्ययन केन्द्रीय विभाग त्रि.वि.वि.का विभागाध्यक्ष हुनुहुन्छ ।)

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु**
**यहि नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4225625 / 4244173

# बिश्व मोटर ट्रेडर्स

**ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१-२२९२२३०, ९७२१४०२९०५/३२०५४४**
E-mail: vmtautoparts@wlink.com.np

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि**
**गाडिका पार्टस्हरुको लागि सम्पर्क गर्नुहोस् ।**

## शस्त्र-अस्त्रपरित्याग दिवस मनाइयो

८ कार्तिक, बौद्ध-काठमाडौं । विजया दशमीका दिन सम्राट अशोकले शस्त्र-अस्त्रपरित्याग गरेको २२७४ औं महान शस्त्रपरित्याग दिवसको उपलक्ष्यमा बौद्ध महाचैत्यपरिसरमा बौद्ध घ्याङ गुठीमा प्रमुख चिनिया लामाको प्रमुख आतिथ्यत्व एवं थेरवाद बौद्ध दायक परिषद्का अध्यक्ष बखत बहादुर चित्रकारको सभापतित्वमा एक धार्मिक समारोह आयोजना गरियो । धर्मको नाउँमा बलि-प्रथाले धर्मप्राप्ति हुन्छ भन्ने धारण गलत छ भन्ने स्वयं सम्बद्ध धार्मिक क्षेत्रमैं बहसको विषय भइसकेको रचनात्मक पक्ष भएको भन्ने बारेमा अखिल नेपाल भिक्षु महासंघका महासचिव एवं वृहत्तर लुम्बिनी विकास राष्ट्रिय निर्देशक समितिका सदस्य भिक्षु कोण्डन्य, लुम्बिनी विकास कोषका उपाध्यक्ष एवं नेपाल बौद्ध महासंघका महासचिव आचार्य कर्मा साङबो, बौद्ध घ्याङ गुठीका सचिव किरण लामा, थेरवाद बौद्ध दायक परिषद्का सचिव विष्णुरत्न शाक्य, बौद्धधर्म संरक्षण सरोकार मञ्च नेपालका अध्यक्ष लाक्पा थिन्ले शेर्पालगायतका वक्ताहरूले धार्मिक अभिमत व्यक्त गर्नुभयो ।

# मानव जीवन सफल पार्ने स्थिर चित्तको आवश्यकता



✍ **लोकबहादुर शाक्य**

बुद्धले उपदेश दिनुभएको सूत्र तथा आचार्यहरूले रचना गरिराखेको शास्त्रमा जसरी आचरण गर्नु भनी उल्लेख गरिराखेको छ त्यस्तो आचरण गरेर व्यवहारमा प्रयोग गर्न निश्चित भइ प्रयास गर्नु पर्दछ । वैद्यको औषधी खाएर स्वास्थ्य लाभ गर्ने मनसुवा हुनेहरूले वैद्यको निर्देशन बमोजिम आचरण नराम्रो रोग निको हुँदैन । मुखले भनेर मात्र दुःखका वा शान्ति हुँदैन । वैद्यको सल्लाहअनुसार औषधी सेवन गरे मात्र रोग निको हुन्छ । खान्छु भनेर मात्र केही हुँदैन । यहाँ पनि सर्वज्ञ महावैद्य तथागतको शिक्षाआचरण नगरे कर्मक्लेशबाट उत्पन्न भइरहेका दुःखरूपी महाव्याधिबाट मुक्त हुन सम्भव नै छैन । यसैले यथार्थ धर्मको मनसाय बुझेर दैनिक जीवनमा प्रयोग गर्न बिर्सनु हुँदैन ।

सूत्रमा उल्लेख गरिराखेको बोधिसत्त्वको शिक्षा बुझ्न गाह्रो भएपनि बोध गर्नुपर्ने भयो । यसको लक्ष्य भनेको सबै सत्त्वहरूको हितको निमित्त सर्वस्व त्याग गर्नुपर्ने भयो । अझ स्पष्ट गर्ने हो भने सम्पूर्ण सत्त्वहरूको वर्तमान र भविष्यको दुःख दौर्मनस्यः निवारण गरेर शान्ति सुख सौमनश्य वातावरण विकसित गर्न विघ्न-बाधा पन्छाएर काय, वाक, चित्तको पराक्रममा प्रयास गर्नु पर्दछ । बोधिसत्त्व चर्याको लागि शरीर आदि (आत्मभाव) लाई त्याग (उत्सर्ग) गर्ने क्रममा त्यसको रक्षा, शुद्धि तथा वृद्धि गर्नेतिर पनि ध्यान दिनुपर्ने रहेछ । नत्र त्याग पनि सत्त्वहरूलाई सुचारू रूपले उपभोग नहुन सक्छ । त्यसैले उत्सर्ग गर्ने आत्मभाव (शरीर) आदि लाई बोधिसत्त्वहरूले रक्षा तथा शोधन गरिरहनु हुन्छ । यस विषय आचार्य शिक्षा समुच्चयमा देशना गरिराखेको सूत्र यहाँ उल्लेख गर्नु सान्दर्भिक छ :-

**परिभोगाय् सत्त्वानामात्म भावादि दीयते,**
**अरक्षिते कुतोः भोगःकिं दत्तं यत्नः भुज्यते ।**
**तस्मात् सत्वोष भोगार्थ आत्मभावादि पालयेत्,**
**कल्याणमित्रानुत्सगति सूत्राणं च सदेक्षणात् ।**

(आफ्नो शरीर आदि आत्माभावलाई अरूको उपभोगको लागि दिएकोले यसको रक्षा नगरे कसरी उनीहरूले भोग गर्न सक्छ ? अनि भोग नगरे दिएको के प्रयोजन भयो ? त्यसैले सत्त्वहरूले उपभोग गर्न सकोस् भनेर आत्मभावको रक्षा गर्नुपर्ने भयो । जुन चाहिं कल्याण मित्रहरूसँग सङ्गत गरिराख्ने तथा सूत्रहरू जहिले पनि हेरिराखे बोध गर्न सक्ने भयो ।)

**मानवको सफल जीवन निर्वाहको लागि भौतिक विकासको साथै आध्यात्मिक विकास पनि अनिवार्य छ । आध्यात्मिक विकासको क्रममा धर्म-दर्शन प्रादुर्भाव भइरहेको स्पष्ट देखिन्छ । विश्वमा देखापरेका सबै धर्मको लक्ष्य भनेको कुशल मंगल सेवाको काम गर्ने, मैत्री करुणा समान भावना विकसित गर्ने, नैतिकवान चरित्रवान भएर विवेक बुद्धि प्रयोग गरी राग-द्वेष-मोह-अहंकार-ममकार निवारण गर्ने रहेको छ ।**

**उपयुक्त स्थिर चित्तद्वारा नै जुनसुकै वातावरण समृद्धि हुनेभयो । चित्तलाई सम्हाल्न सकेन भने स्थिति गंजागोल भएर अवस्था भयंकर पनि हुनसक्ने रहेछ ।**

बोधिसत्त्वको संवर ग्रहण गरिसकेकाले गर्नुपर्ने कुरा तथा गर्न नहुने कुरालाई शिक्षा भनिन्छ । यस्तो शिक्षा पालन गर्नेले सबभन्दा पहिले आफ्नो चित्तलाई प्रयत्नपूर्वक रक्षा गर्नु पर्दछ । यदि चित्त नै चञ्चल र अस्थिर भयो भने शिक्षा स्थिर हुँदैन । अनि शिक्षा पालन पनि गर्न सकिंदैन त्यसैले चित्त, रक्षा गर्नु नै मूल कुरा भयो । यस लोकमा कुशल नहुने मत्ता हात्तीले जति दुःख दिन्छ त्योभन्दा पनि बढी सम्हाल्न नसक्ने चित्तरूपी हात्तीले दुःख दिन्छ । यदि स्मृत्युप्रस्थानको डोरिले यस चित्तरूपी हात्तीलाई चारैतिर बाँधिराख्यो भने सबै प्रकारको भयबाट मुक्त हुन्छ । यस कुरा बुझ्नुपर्‍यो अनि मात्र चारैतिर कल्याण हुन्छ । त्यतिमात्र होइन अभ्युदय तथा नौश्रेयसः रूपी कल्याण सम्पदा पनि प्राप्त हुने हुन्छ । यहाँ यस तथ्य पनि बुझ्नुपर्‍यो चित्तद्वारा नै सम्पूर्ण भय तथा दुःख उत्पन्न हुने भएकोले यसलाई दमन गर्‍यो कि सबै दमित हुने भयो । सम्पूर्ण जगत नै कर्मद्वारा सिर्जना

भइराखेको हो, अनि अनिष्ट हुने कुरा आफ्नो कर्मको आक्षेपद्वारा हुने रहेछ । कर्म भनेको चित्त नै हो । किनभने चेतना, कर्म भनेर चित्तबाट हुने कर्मलाई भनिराखेको हो । यसरी नै वचनको कर्म तथा शरीरको कर्म पनि चित्तबाट हुने हुन्छ । त्यसैले कुनै पनि कुरो चित्त बाहिरको नभएको रहेछ ।

मानवको सफल जीवन निर्वाहको लागि भौतिक विकासको साथै आध्यात्मिक विकास पनि अनिवार्य छ । आध्यात्मिक विकासको क्रममा धर्म-दर्शन प्रादुर्भाव भइरहेको स्पष्ट देखिन्छ । विश्वमा देखापरेका सबै धर्मको लक्ष्य भनेको कुशल मंगल सेवाको काम गर्ने, मैत्री करूणा समान भावना विकसित गर्ने, नैतिकवान चरित्रवान भएर विवेक बुद्धि प्रयोग गरी राग-द्वेष-मोह-अहंकार-ममकार निवारण गर्ने रहेको छ । यी सबैको संचालन कर्ता चित्त नै भन्नुपर्‍यो । मानिस सामाजिक प्राणी भएकोले समाजबाट अलग बस्न सक्दैन । समाजको निमित्त सक्दो स्वस्थ सहायक भएर रहनु मानव जीवनको सभ्य तरिका हो । व्यक्तिसंग स्वस्थ र शान्त तथा प्रगतिशील चित्त भएमा घरमा सुखी परिवार हुन्छ, अनि समुन्नत र शान्तिपूर्ण समाज सिर्जना गर्न सघाउ पुग्दछ, गतिशील समाजद्वारा देशको उत्थान हुन्छ । विभिन्न देशको भौतिक तथा आध्यात्मिक प्रगतिबाट विश्वशान्तिको लागि साधन हुनेभयो । यहाँ विचार गर्नुपर्ने तथ्य, सुख क्लेशचित्तको आचरण हो । त्यसैले उपयुक्त स्थिर चित्तद्वारा नै जुनसुकै वातावरण समृद्धि हुनेभयो । चित्तलाई सम्हाल्न सकेन भने स्थिति गंजागोल भएर अवस्था भयंकर पनि हुनसक्ने रहेछ ।

नेपालको वर्तमान अवस्थालाई चिन्तन मनन गर्दा देशको संविधान निर्माण गर्न नसक्दा विश्वमा राष्ट्रको इज्जत बर्वाद भएको छ भनेर भन्नुपर्ने स्थिति भयो । यसको मूल कारण भनेको राजनैतिक दलका अग्रज अगुवाहरूसँग दविरहेको अकुशल चित्त भन्नुपर्‍यो । लोकतन्त्र-गणतन्त्र प्रादुर्भाव भएपछि दुई वर्षभित्र संविधान निर्माण गर्ने लक्ष्यले सानो देश नेपालको निम्ति नसुहाउने ६०१ जनाको विशाल संविधान सभा गठन भयो । समय पुगेन भनेर दुई वर्ष थप गरी चार वर्षभित्र पनि संविधान तयार गर्न नसकेको स्थितिलाई दुर्भाग्य मान्न सकिन्छ । यसको मूल कारण भनेको ठूला चार दलका नेतृत्व वर्गको चित्त निर्धन भएर विरोधको निमित्त विरोध गर्ने प्रवृत्ति नै भन्नु कर लाग्दछ । अन्तमा विशेष गरेर जातीय संघीयताको विषयमा दलहरूमा कुरा नमिली संविधान निर्माण गर्न सकेन भन्ने कुरा पनि सुनियो । यहाँ गम्भीर रूपमा विचार गर्नुपर्ने यथार्थ कुरा के हो भने संविधान निर्माणको लागि नै संविधान सभा (संसद) स्थापना भएको स्पष्ट छ । चार ठूला दलको कुरा मिलेन भने संविधान सभामा प्रस्तुत गरेर त्यहाँ जुन निर्णय हुन्छ, त्यही लागु हुने हो । नमिलेको विषयमा संविधान सभामा प्रस्तुत गर्नुको लागि सभा ( संसद) बोलाएको पनि हो । तर आलताल गरेर समय बरवाद गरियो । संविधान सभामा पेश नै गरिएन । ६०१ जनाको संविधान सभाबाट काम लिन नसकेको नै भयंकर अवस्थाको कारण हो भनेर भन्न पनि कर लागेको छ ।

यहाँ यस सत्यतथ्य कुरा पनि उल्लेख गर्न सान्दर्भिक छ कि प्राणीमध्ये मानव जीवन सर्वश्रेष्ठ मानिएको छ । तर मानिस जन्मने वित्तिकै सर्वश्रेष्ठ हुने होइन अरू प्राणीसँग नभएको विवेकबुद्धि मानिससँग भएपछि मात्र सर्वश्रेष्ठमा गनिने हो । सो नभएमा मानव भएपनि पशुपंक्षी सरह नै हुन्छ भन्नु कर लाग्दछ । भौतिक विकासले मात्र सर्वश्रेष्ठ हुने होइन, आध्यात्मिक विकास पनि अनिवार्य छ । ठूला राजनैतिक दलका अगुवाहरूले सर्वश्रेष्ठ प्राणीमा हुनुपर्ने विवेक बुद्धि सदुपयोग गर्न नसकेर नै संविधान निर्माण गर्न नसकेको भन्नुपर्‍यो । अब संविधान सभा नभएको अवस्थामा दलहरू मिलेर नयाँ वातावरण सिर्जना गर्ने उपाय हो । सम्माननीय राष्ट्रपतिले पटक पटक दलका अगुवाहरूलाई बोलाई देशको भावी कार्यक्रम तर्जुमा गर्न निर्देशन दिएको बखत वहाँको भावना स्वीकारे पनि अहिलेसम्म संयुक्त ठोस कार्यक्रम प्रस्तुत गर्न सकेको छैन । चार प्रमुख दलहरूका अगुवाहरूको आश्वासन भरपर्दो देखिन्दैन । अर्कोतर्फ पूर्ण बजेटको अभावमा प्रशासन सुचारू रूपले संचालन गर्न अप्ठ्यारो परिरहेको छँदैछ । यस्तो परिस्थिति राखिछोड्न सर्वथा अनुचित हुंदा सम्माननीय राष्ट्रपतिले स्वतन्त्र ख्यातिप्राप्त नागरिक समाजका प्रवुद्ध महानुभावहरूका मन्त्री परिषद् गठन गरेर संविधान सभा समेत निर्माण गर्ने गरी सानो संख्याको संसदको निर्वाचन गराउने उपाय अपनाउन समयको माग भएकोले सविनय आह्वान गर्दछु ।

*(सन्दर्भ पुस्तक : आर्यशान्तिदेव विरचित बोधिचर्यावतार, अनुवादक नारायणप्रसाद रिजाल साथै सान्दर्भिक विषय पनि समावेश छ।)*

९

# सामाजिक सञ्जालमा बुद्धको छवी

✍ केशरी वज्राचार्य



आजको संसार विज्ञान र प्रविधिको युग हो । विज्ञान तथा प्रविधिको विकासले संसारलाई आफ्नो सानो मुट्ठीमा समेट्न सकिने भएको छ । मोबाइल इन्टरनेट फोनको सञ्चार माध्यमबाट संसारका जुनसुकै मुलुकमा पनि तुरून्तै सम्पर्क गर्न सकिन्छ । अमेरिकी अन्तरिक्ष खोज अभियान नासाले पठाएको किउरोसिटी यानले पृथ्वीबाट करोडौं माइल टाढाको मंगलग्रहमा उत्रेर मानव बसोबासयोग्य भए नभएको अनुसन्धान गरिरहेको छ । यो मानव सभ्यता र विकासको नवीनतम अभियान हो । अर्कोतिर मानवजातिलाई सही मार्गदर्शन गर्ने र सम्पूर्ण प्राणीजगतको शान्तिको अभिलाषालाई सही गन्तब्यमा पुऱ्याउन मार्ग देखाउने भगवान् बुद्धजस्ता महामानवको छवीलाई अज्ञानीहरूबाट धमिल्याउने कार्य पनि स्वतन्त्र विश्वमा भइरहेको देखिन्छ ।

अन्वेषक आचार्य महावीरप्रसाद द्वीवेदीको खोजअनुसार इशाको पाँचौ शताब्दीमा नै अमेरिकामा बुद्धधर्म दर्शन र संस्कृतिले प्रवेश पाइसकेको थियो । एशियामाइनरजस्ता देशमा बुद्धधर्मको प्रचार भइरहेको बेला काबुल, चीन र जापानका बौद्धहरूले मेक्सिकोसम्म गएर बुद्धधर्मको प्रचार गरेका थिए । बुद्धधर्म प्रचारकहरू उत्तरी चीनको बाटो भएर अलाष्का पुगे । त्यहाँदेखि समुद्रको तिरैतिर अघि बढेर उनीहरू मेक्सिको पुगेका थिए ।

बुद्धको सन्देश फैलाउने अतीकालीन यी इतिहासका कतिपय प्रमाणलाई स्पेनिसहरूले नष्ट गरे तापनि समुद्रको किनार किनारमा रहेका ती प्रदेशहरूमा बाँकी रहेका सभ्यता संस्कृतिले प्राचीन इतिहासले केलाई रहेकै छ । भनिन्छ, अझै सबैभन्दा पहिले अमेरिका पत्ता लगाउने वास्तवमा बौद्धहरू नै थिए । मेक्सिकोमा पाइएका बौद्ध युगका शीलामय मूर्तिकला र भवन वास्तुकला यसका ज्वलन्त प्रमाण हुन् । यहाँ बौद्ध मन्दिर, अनेक प्रकारका बुद्धमूर्ति छन् । ग्वाटेमाला नै गौतमालयको अपभ्रंश हो । मेक्सिकोको पाव भन्ने ठाउँमा पाइएका मूर्तिहरूलाई शाकोमल भनी लेखिएका छन् । यो शाक्यमुनिकै अर्को रूप हो । त्यहाँ पाइएका शिलालेखहरूमा मेक्सिकनहरू बुद्धधर्माबलम्बी हुन् भनी उल्लेख भएका छन् । मेक्सिकनहरू आफ्ना पुरोहितलाई देशाक्का अथवा शक्कापुरूष भन्छन् । यो बौद्ध भिक्षुहरूको संस्कारसँग सम्बन्धित शब्द शाक्यपुरूषको रूपान्तर हो । यद्यपि मेक्सिकोसम्म पुगेको बौद्धसंस्कृति र सभ्यता कसरी बीचमा खण्डित भयो अनुसन्धानको विषय बनेको छ । वर्तमान युगमा पनि अमेरिकी जनतामा बुद्धधर्मप्रति आदर र प्रेमभाव जागरण भएको एक शताब्दी नाघिसकेको छ । येल विश्वविद्यालयमा १८५४ इश्वीदेखि नै बुद्धधर्म अध्ययन-अध्यापनको ब्यवस्था हुँदैआएको छ । उन्नाइसौं शताब्दीमा सानै उमेरदेखि पिठ्यूँमा घाउ भएका एक उच्च कुलका वेदनाबाट दुःखी बनेका हेनरी क्लाक वारेनले बुद्धधर्मको पालना गरेपछि वेदनाबाट सान्त्वना र शान्ति पाएका थिए । यस्ता अनेकौं घटना प्रसङ्गहरू बुद्ध र अमेरिकासँग गाँसिएका छन् । यति हुँदाहुँदै पनि केही महिनाअघि मात्र अमेरिकाको क्लालिफोर्नियास्थित पाम डेजर्टमा रहेको एउटा आइकन शु नामको जुत्ता बनाउने कम्पनीले भगवान् बुद्धको छवीलाई महिलाले लगाउने जुत्ताको विभिन्न डिजाइन तयार गरी बजारमा ल्याएको र त्यसलाई अनलाइनमा ब्यापार प्रबर्द्धनको लागि राखिएपछि त्यसको संसारभरी नै विरोध भयो । त्यसपछि अनलाइन विज्ञापनबाट हटाइयो । तर पनि त्यसको प्रभाव अझै सेलाएको छैन । भगवान बुद्धलाई हामी शिरमा राख्छौं । जुत्तामा राखिनु घोर अपनमान भयो भन्दै नेपालमा पनि ललितपुर बुद्धजयन्ती कोषको अगुवाईमा बौद्ध संघसंस्थाहरूले मंगल बजारदेखि ब्यानरसहित विरोध प्रदर्शन गर्दै अमेरिकी राजदूतावास र प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाए पनि त्यसको कुनै सुनुवाई भएन । नेपालका अन्य केही बौद्ध संस्थाहरूले वक्तव्यबाजी मात्र गरे । त्यो पनि ठूला अखवारमा आएन । उनीहरूले झारा टार्ने काम मात्र गरे ।

संसारका शान्तिप्रेमी मानिसहरू निकै रिसाए । सामाजिक सञ्जाल फेसबुकमा अनेकथरी प्रतिक्रियाहरू देख्न पाइयो । भगवान् बुद्ध जन्मिएको देशका हामी नेपालीहरू बुद्धप्रति निकै आस्था र श्रद्धा देखाउँछौं । तर अरूले

बुद्धको छवीलाई गलत ढङ्गले प्रयोग गरेकोमा चित्त दुखाउनु बाहेक अरू बढी केही गर्न सक्तैनौ भन्ने कुरा यसपटक राम्रैसँग देखियो । हामी कति निरीह रहेछौं भन्ने कुरा साबित भयो । त्यसैले सरकारी पक्षले विरोध र ज्ञापनपत्रको कुनै अर्थ राखेन । केही नभए पनि कुटनीतिक माध्यम अपनाएर अमेरिकी राजदूतलाई परराष्ट्र मन्त्रालयमा बोलाएर के भएको यसबारे जानकारी दिनुहोला मात्र भनेको भए पनि उनीहरूले जवाफ दिन्थे । तर सरकार नै मौन भएपछि नेपालको राष्ट्रिय विभूति, नेपालको गौरव आदि इत्यादि भनेर जति फलाके पनि कुनै अर्थ राखेको देखिएन । आफ्नो स्वाभीमान माथि नै अरूले हेपाहा प्रवृत्ति देखाउँदा पनि चुप लागेर बस्नु सरकारको लाचारीपन हो । कमसेकम बुद्ध जन्मेको देशका सरकारको नाताले पनि अमेरिकी सरकारप्रति चिन्ता देखाउनुपर्ने हो । तर त्यसो भएन । हामीलाई चाहिं स्वाभाविक रूपमा दुःख लागेको छ । अमेरिकी सरकारप्रति होइन, आइकन शु कम्पनीको बौलठ्ठीपन र नेपाल सरकारको लाचारीप्रति हामी निरास छौं ।

हलिउड फिल्मका एकजना आर्ट डाइरेक्टरले क्यालिफोर्नियाको पाम डिजर्टमा सन् १९९९ मा स्थापना गरेको आइकन शु कम्पनीले आफ्नो व्यापार ब्यवसाय बढाउन मात्र यस किसिमको कार्य गरेको हुन सक्तैन । उसको नियत अवश्य पनि सफा देखिंदैन । त्यस्ता अवाच्छित कार्यको निन्दा र भर्त्सना सामाजिक संघसंस्थाहरूबाट सबैभन्दा अघि हुनुपर्ने हो तर हामीकहाँ कुम्भकर्णहरू धेरै भए । चिन्ता त यसमा पनि लाग्न थालेको छ ।

विज्ञान र प्रविधिको विकास संगसंगै विकृति र विसंगतिहरू पनि बढेको कटुअनुभव नभएको होइन । इलेक्ट्रोनिक मेडियाहरू टेलिभिजन, इन्टरनेटजस्ता अन्तर्राष्ट्रिय सामाजिक सञ्जालहरू गुगल फेसबुक ट्वीटर, लिंकेड आदिमा विगत केही बर्षदेखि भगवान् बुद्धको मूर्ति तथा फोटोहरूको ब्यापक प्रयोग हुँदै आएको छ । यस्ता आमसञ्चार माध्यमहरूमा अधिकांशमा बुद्धको छवी अत्यन्त सम्मानजनक रूपले प्रयोग हुँदै आएको छ । तथापि मानिसले उपयोग गर्ने केही वस्तुहरूमा समेत अनधिकृत रूपमा गैरजिम्मेवार खालका वस्तुहरूको व्यापार प्रवर्द्धनगर्ने कार्यमा पनि यस्ता अन्तर्राष्ट्रिय सामाजिक सञ्जालहरू अगाडि देखापरेका छन् । यस्ता कुराहरू कति जायज वा नाजायज छन् । त्यस्ता कार्यले सामाजिक सद्भावलाई कसरी खलबल्याइरहेका छन् र विभिन्न सम्प्रदायबीच अनावश्यक द्वन्द्वलाई बढाउने सम्भावना बढिरहेको छ भन्ने विषयमा चेतनशील नागरिक समाज, गैरसरकारी संघसंस्था, बुद्धिजीवि, अगुवा, सामाजिक कार्यकर्ता, मानव अधिकारवादी संस्थाहरू बीच व्यापक छलफल आवश्यक भएको अनुभव गरिएको छ ।

जबसम्म हामीमा सामाजिक दायित्त्व बोध हुँदैन तबसम्म यस्ता अवाच्छित कार्यहरू रोकिने छैन । समाजमा विकृति र विसंगतिहरू बढ्न थालेपछि त्यसलाई रोक्न पनि सहज हुने छैन । एक पटक सामाजिक सद्भाव खलबलियो भने त्यसको आगोले मुलुकलाई निकै पिरलो पर्न सक्छ । छिमेकी मुलुकको उदाहरणबाट सरकारले पाठ सिक्नुपर्छ । ८


# सहयोगको अपेक्षासहित श्रद्धालुहरूमा हार्दिक अपील

**प्राचीन ऐतिहासिक कोलिय देवदहको ऐतिहासिक सम्पदा हुँदाहुँदै पनि यस स्थललाई पर्यटकीय स्थल बनाउने वातावरण निर्माण गर्न यस क्षेत्रका सामाजिक राजनैतिक ब्यक्तित्त्वहरुको ध्यान पुग्न सकेको छैन । यस क्षेत्रमा प्राचीन ऐतिहासिक सम्पदा रुपन्देही जिल्ला देवदह गा.वि.स. वडा नं. ५ शीतलनगर एक विहार निर्माण गरी एकै रात भएपनि पर्यटकहरुलाई विश्राम सुविधा उपलब्ध गराउने र पर्यटकहरूलाई यस क्षेत्रको परिचय गराई यस क्षेत्रको आर्थिक क्षेत्रमा सहयोग समेत पुऱ्याउने विश्वास बोकेर "धर्मोदय सभा देवदह शाखा एक विहार" निर्माण गर्न लागेको छ ।**

**सो कार्यमा यथाशक्य सहयोग गरी पुण्य आर्जन हुनेछ भन्ने आशामा पूर्ण विश्वस्त छौं ।**

भवतु सब्ब मंगलम्

**अमृतलाल शाक्य**

अध्यक्ष, धर्मोदय सभा देवदह शाखा, रूपन्देही

# महामानव बुद्ध र मानव-धर्म

✍ पुरन शाक्य, तानसेन, पाल्पा



संसारमा बुद्धलाई धेरै नामले नामाकरण गरेको हामीहरूले सुनेका छौं, पढेका पनि छौं । शान्तिका अग्रदूत, सिद्धार्थ गौतम, अहिंसाका पूजारी, एशियाको प्रकाश (Light of Asia) भगवान् बुद्ध, आदि इत्यादि नामहरूले बुद्धलाई आम मानवले बुझ्ने गरेका हुन् ।

धर्म भनेको के हो ? भन्ने कुरा हामी सबैले बुझ्नुपर्छ । बुद्ध भनेको कुनै तेंत्तीसकोटी देवीदेवता होईन । बुद्ध कुनै ईश्वरको अवतार नभई २६०० वर्षअगाडि नेपालको लुम्बिनी वनमा जन्मनुभएको, नेपाली मूलका शुद्धोदन महाराजाको सुपुत्र सिद्धार्थ गौतम नै अहिलेको युगको **महामानव बुद्ध** हुनुहुन्छ जसले जीवनमा ३५ वर्षको उमेरमा बुद्धत्त्व प्राप्त गर्नुभयो ।

तीसवटा पारमितालाई पूर्णरूपमा पालन गरी अन्य चार आर्यसत्यलाई यथार्थ रूपले बुझी सम्पूर्ण मनभित्रका आस्रव क्लेशहरूलाई नाश गर्ने व्यक्तिलाई बुद्ध भनिन्छ । "बोधि" शब्दबाट "बुद्ध" शब्द व्युत्पन्न भएको हो, जसको अर्थ हुन्छ बोध हुनु अर्थात् बुझ्नु । यसर्थ बुद्धधर्म बोध गराउने अर्थात् बुझाउने धर्म-दर्शन हो । यो धर्मको प्रादुर्भाव महामानव गौतम बुद्धको अनुभवबाट भएको हो । बुद्धधर्म प्रवर्त्तन भइसकेपछि संसारमा करोडौं मानिस यस धर्मको अनुयायी भैसकेका छन् । यसअघि यो धर्म एशियाली देशमा मात्र सीमित थियो, हाल आएर जनसंख्या बृद्धिसंगै यो धर्मले पश्चिमी मुलुकमा पनि लोकप्रियता प्राप्त गरिसकेको छ र धेरै संख्यामा बुद्धधर्मका अनुयायीहरू बढ्दै गइरहेको छ । आउँदा दिनहरूमा पनि यसको संख्या तीव्र रूपले बढ्दै जाने कुरा निश्चित छ ।

बुद्धद्वारा प्रतिपादित धर्म, मैत्री, करूणा र अहिंसामा आधारित छ । यस दर्शनले साम्प्रदायिक, सद्भावनामा विश्वास गर्दछ, सामाजिक सहिष्णुता कायम गर्दछ र आपसी समझदारी बढाउन प्रेरित गर्दछ । त्यसैले यो धर्म शान्तिको धर्म हो । यसर्थ भगवान् बुद्ध शान्तिका नायक हुनुहुन्छ । यस भनाईमा कसैको दुईमत नहोला । अहिलेको यस द्वन्द्वरत संसारमा बुद्धशिक्षा र शान्ति अपरिहार्य सावित भएको छ ।

धर्म के हो ? धर्म त्यो हो जसले आफ्नो र अरूको पनि हीत, कल्याण गरेको हुन्छ । जीवन सुन्दर र सफल पार्न धर्म चाहिन्छ । यो जीवन र परलोक जीवनलाई राम्रो पारेको हुन्छ । जीवन जिउने उपाय सिकाउने, वर्तमान जीवन सुख र शान्तमय बनाउन, निर्दोष जीवन जिउननै धर्म चाहिन्छ । धर्मले मानिसलाई निर्दोष र निष्कलंक बनाउन्छ । आफ्नो शारीरिक कार्यहरूलाई परिशुद्ध बनाई राख्न धर्मको आवश्यकता पर्दछ । शील समाधिमा बस्नु पनि धर्म हो । आफ्नो कर्म शुद्ध गरी असत्य, चुक्ली, कटुवाक्य, निन्दा-चर्चाजस्ता अकुशल कर्महरूबाट अलग



रहन र मनमा रहेका विकारहरूलाई महशुस गरी चित्त शुद्ध बनाइराख्नको लागि धर्मको खाँचो पर्छ । धर्मको अर्थ त्यतिबेला सार्थक हुन्छ, जब हामी स्वच्छ प्रवृत्ति र निर्दोष रूपले जीवनयापन गरेर मानव जीवनलाई सफल र सार्थक बनाउन सक्छौं । अरूको हित उपकार गर्नु धर्म हो । जसले रोगीको सेवा गरेको हुन्छ उसले बुद्धको सेवा गरेको हुन्छ, सेवा नै मानव धर्म हो' यस वाक्य मेरो मन-मस्तिष्कमा स्मरण भइरहन्छ ।

यस संसारमा विभिन्न धर्महरू छन् । हिन्दू, बुद्ध, जैन, ईसाइ, मुस्लिम धर्म आदि-इत्यादि । सबै धर्मको आ-आफ्नो स्थान-पहिचान छ । बुद्धधर्म बहुजन हितको लागि बहुजन सुखको लागि समर्पित धर्म हो । भगवान् बुद्धले भन्नु भएको छ, **"चरथ भिक्खवे, चारिकं, बहुजनहिताय बहुजन सुखाय लोकानुकम्पाय, अत्थाय, हिताय, सुखाय, देवमनुस्सानं"** अर्थात् भिक्षुहरू हो ! लोकमाथि अनुकम्पा गरी देव मनुष्यहरूको हित र सुखको लागि बहुजनको हित र सुखको लागि चारैतिर विचरण गर । यो भनाई भिक्षुहरूलाई मात्र नभई समस्त बौद्धहरूलाई पनि हो अझ समस्त प्राणीहरूलाई पनि हो । त्यसकारण जहाँ दुःख छ शान्ति ल्याउन भरमग्दुर प्रयास गर्नु समस्त मानव मात्रको धर्म हो ।

नेपालमा जन्मनुभएका राष्ट्रिय विभूति भगवान बुद्धद्वारा प्रतिपादित शान्तिको सिद्धान्त धर्मको आदर्श जसलाई समुचित र अनुशासित तवरबाट अपनाउन सकेमा बुद्धधर्म चीरस्थायी र शान्ति स्थापना हुनसक्छ । भगवान बुद्धले त्यो आदर्श धर्म र दर्शनलाई आफ्नै जीवनकालमा उतारेर ब्यवहारमा देखाउनुभएको थियो । उहाँले स्थापना गर्नुभएको धर्म पूर्णरूपले शान्तिको सहीमार्ग मानियो यिनै आधारमा उहाँलाई एशियाको प्रकाश (Light of Asia) भनेर सम्मान गरियो । तर हाल उहाँ एशियाको प्रकाश मात्र नभई **विश्वकै प्रकाश** (Light of world) हुनुभएको छ । ❀


**सम्झनुहोस्**

**सुरक्षित बचत, उच्च प्रतिफल एवं सरल कर्जाको लागि**

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

**संस्थाद्वारा निर्धारित ब्याजदर**

| **निक्षेपतर्फ** | | **ब्याजदर** |
|---|---|---|
| १. बचत खाता | | १०% |
| २. मुद्दती खाता | त्रैमासिक | एकमुष्ठ |
| ६ महिना | ११.५०% | १२% |
| १ वर्ष | १३% | १३.५% |
| २ वर्ष | १३.५०% | १४% |
| ३ वर्ष | १४% | १५% |

३ वर्षभन्दा बढी अवधिको लागि आपसी समझदारीमा ब्याजदर तय गरिनेछ ।

२ वर्षभन्दा बढी अवधिको लागि रू. २ लाखभन्दा बढी रकम राखेमा मासिक रुपमा १४% का दरले ब्याज प्रदान गरिनेछ ।

**३. दोब्बर भुक्तानी योजना**

यस योजनाअन्तर्गत ५ वर्षे मुद्दतीमा साँवाको एकमुष्ट दोब्बर भुक्तानी गरिनेछ । यसमा लाग्ने ब्याज कर संस्थाले ब्याहोरिदिने छ ।

**४. ज्येष्ठ नागरिक पेन्सन योजना**

यस योजनामा सरिक हुनेलाई प्रत्येक महिना तोकिएको निर्धारित रकम प्रदान गरिनेछ, साथै दशैं खर्चको रूपमा डेढ महिना बराबरको थप रकम समेत प्रदान गरिनेछ र यसमा लाग्ने ब्याज कर संस्थाले ब्यहोरिदिने छ।

| ऋणतर्फ | ब्याजदर |
|---|---|
| १. विभिन्न कर्जा | १९-२०% |
| २. व्यवस्थापन शुल्क | ३% |

(भुक्तानी म्यादभित्र चुक्ता गरेमा १% फिर्ता हुने)

३. मुद्दती रसिद धितोमा प्रदान गरेको ब्याजदरमा २% थप

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

**बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२**

# आनन्दकुटी विहार (संस्था) को
# आर्थिक वर्ष वि.सं २०६८/६९ सालको वार्षिक प्रतिवेदन

हाल ३९ औं वर्ष पुरा गरी ४० औं वर्षमा प्रवेश गरेको यस आनन्द कुटी विहार (संस्था) आनन्दकुटी विहार संरक्षण प्रवर्द्धन र यहाँ वसोवास गर्ने स्थविरवादी भिक्षुसंघलाई चतुप्रत्ययद्वारा उपस्थान गर्ने र धर्म-ग्रन्थ, आनन्दभूमि पत्रिका आदि प्रकाशित गर्दै बुद्धधर्म प्रचारप्रसार गर्न र बुद्धशिक्षा अध्ययन-अध्यापन गराउन सक्दो सहयोग पुऱ्याउने आदि विभिन्न उद्देश्यहरू बोकेर दिवंगत आचार्य डा. भिक्षु अमृतानन्द महानायक महास्थविरले वि.सं. २०२९ साल श्रावण १३ गतेका दिन धार्मिक संस्थाको रूपमा स्थापना गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता भएको एक ऐतिहासिक धार्मिक संस्था हो ।

जनमानसमा "गुठी" शब्द सम्बन्धमा भ्रम सृजना भएकोले यस संस्थाको मिति २०६६/३/१५ को विशेष साधारणसभाले उक्त "गुठी" शब्द हटाई विधान संशोधन गर्ने निर्णयसहित सो कार्यको लागि कार्यसमितिलाई अधिकार प्रदान गरेअनुरूप कार्य समितिले विधान संशोधन गरी मिति २०६६/४/१० मा पारित गरी जिल्ला प्रशासन कार्यालयमा स्वीकृतिको लागि पठाइएको र जिल्ला प्रशासन कार्यालय काठमाडौंले सो संशोधित विधान मिति २०६६/५/१ मा स्वीकृत गरिएपछि सदस्यहरूमा जारी गरिएको सशसोधित विधान-पत्र सबैको जानकारीको लागि यस संस्थाबाट प्रकाशित हुने "आनन्द भूमि" पत्रिकाको वर्ष ३७ अंक ९, पुष महिनाको अंकमा प्रकाशित गरिएको व्यहोरा जानकारी गराउँदै अब उपरान्त यस संस्थाको नाम आनन्द कुटी विहार (संस्था) रहने छ भन्ने जानकारी गराउन चाहन्छु ।

स्थापनाकालदेखि अटूटरूपमा आजसम्म पनि विभिन्न आरोह अवरोहरू पार गर्दै सफलतातिर अगाडि बढिरहेको यस आनन्द कुटी विहार (संस्था) ले आफ्नो गत वर्षका वार्षिक प्रतिवेदन तपाईहरू समक्ष प्रस्तुत गर्न गइरहेको छ ।

यस आनन्द कुटी विहार (संस्था) को एक प्रमुख उद्देश्यको रूपमा रहेको धार्मिक ग्रन्थ प्रकाशनअनुरूप आजसम्म ८२ वटाभन्दा बढी ग्रन्थहरू प्रकाशित गरिसकेका छन् । तीमध्ये कतिपय ग्रन्थहरूको विभिन्न संस्करणसहित पुनः प्रकाशनमा ल्याइसकेका छन् । गत केही वर्षहरूमा व्याजमा आएको ह्रासका कारण भएको आर्थिक कमिका हेतु कुनै पनि ग्रन्थहरू प्रकाशनमा ल्याउन सकेको थिएन । तर गत आर्थिक वर्षमा यस आनन्दकुटी विहारबाट धार्मिक ग्रन्थहरू प्रकाशित भएका छन् । आउँदो आर्थिक वर्षदेखि क्रमिक रूपमा पुनः प्रकाशित गर्नु पर्ने बुद्धकालीन ग्रन्थहरू र अन्य महत्वपूर्ण ग्रन्थहरू पनि प्रकाशनमा ल्याउनसक्ने देखिएकोले आजको युगलाई सुहाउँदो तरिकाले परिमार्जित गर्दै पुनःसंस्करणसहित नयाँ ढङ्गले प्रकाशनमा ल्याउनको लागि एक प्रकाशन उपसमिति बनाउनेतर्फ तपाईहरूको ध्यानाकर्षण गराउन चाहन्छु । हाल आनन्द कुटी विहारको नाममा एक वेभसाइट www.anandakutivihar.com.np को नामबाट खोलिसकिएकोले सो वेभ साइटमा समावेश गर्नुपर्ने कुराहरू सम्बन्धमा पनि तपाईहरूको ध्यानाकर्षण गराउन चाहन्छु । यस आनन्द कुटी विहारको मुख-पत्रको रूपमा रहेको नेपालको पहिलो बौद्ध मासिक पत्रिका आनन्द भूमि अब तपाईले www.anandabhoomi.com मा पढ्न सक्नुहुनेछ ।

यस धार्मिक संस्थाको अर्को उद्देश्यको रूपमा बुद्धधर्म प्रचारप्रसार गर्नको निमित्त स्थापनकालदेखि सम्पादन र प्रकाशन गर्दै आइरहेको नेपालकै पहिलो बौद्ध मासिक पत्रिका बन्न सफल "आनन्द भूमि" पनि ४० औं वर्षमा पाइला टेकी सकेर पनि निरन्तर रूपमा प्रकाशित हुँदै आइरहेको व्यहोरा सहर्ष जानकारी गराउन चाहान्छौं । तर धार्मिक पत्रिका भएको कारण यसको निरन्तरतामा विभिन्न अवरोधहरू उत्पन्न भएको र हुने गरेको तथ्य तपाईहरू सबैलाई सर्वविदितै छ । अतः यस ऐतिहासिक आनन्द भूमि बौद्ध मासिक पत्रिकाको निरन्तरताको लागि तपाईहरू सबैको सद्भाव सहयोग अपरिहार्य छ भन्ने ठानेका छौं । तसर्थ तपाइहरू सबै आनन्द भूमि पत्रिकाको ग्राहक बनेर पनि सहयोग गर्न सक्नुहुनेछ भन्ने पत्रिका वितरण कार्यमा सहगोगी पनि बन्न सक्नुहुनेछ ।

तीनै उद्देश्यअन्तर्गत यस आनन्द कुटी विहारमा प्रत्येक पूर्णिमामा विभिन्न दाताहरूको दातब्यमा र आनन्दकुटी दायक सभाको ब्यवस्थापनमा आनन्दकुटी मिसा पुचःको

सहयोगमा बुद्ध-पूजा, धर्मदेशना, परित्राण, सांघिकदान, पुण्यानुमोदन आदि धार्मिक कार्यक्रमहरू संचालन हुँदैआइरहेको तथ्य पनि यहाँहरूलाई थाहै होला । प्रत्येक शनिवार ध्यान र बौद्ध परियत्ति शिक्षाका कक्षाहरू पनि आनन्दकुटी विहारवासी भिक्षुहरूको आयोजनामा संचालन हुँदैआइरहेको छ । प्रत्येक वर्ष गूँला पर्वअन्तर्गत एक महिनासम्म प्रत्येक दिन विहान ध्यानभावना, प्रवचन, जलपान आदि कार्यक्रम पनि संचालन हुने गरेको छ । यसबाहेक पनि अमृत दिवसको रूपमा यस धार्मिक संस्थाका संस्थापक पूज्य अमृतानन्द भन्तेको स्मृतिमा सामाजिक कार्यक्रम गरी मनाउने गरेका छौ । यी सबै धार्मिक-सामाजिक कार्यक्रमहरूमा तपाईको उपस्थितिको पनि अपेक्षा राखेका छौं ।

यसरी नै दिवंगत श्रद्धेय भिक्षु धर्मालोक महास्थविरज्यूको पुण्यस्मृतिमा पनि विभिन्न कार्यक्रम गरी मनाउने गरेको तथ्य यहाँलाई विदितै होला । उहाँले यस आनन्द कुटी विहार स्थापना गर्नुभएको तथ्य पनि तपाइँहरूलाई विदितै होला । अतः उक्त स्मृति दिवसलाई भिक्षु धर्मालोक एवं विहार-स्थापना दिवसको रूपमा परिमार्जित गरी हामी अझ व्यवस्थित रूपमा सबैको सहभागितामा ब्यापक रूपमा मनाउने भन्ने विषयमा पुनः तपाईहरू सबैको ध्यानाकर्षण गर्न चाहन्छौं । उक्त कार्यक्रम यस आर्थिक वर्षदेखि मनाउने भएकोले तपाइहरूको सल्लाह, सुझाव, सहयोग एवं सहभागिताको पनि अपेक्षा राखेका छौं । यस आनन्द कुटी विहारको संरक्षण प्रवर्द्धनको लागि र यहाँ बसोवास गर्ने स्थविरवादी भिक्षुसंघको निरन्तरताको लागि चतुप्रत्यय आदि आवश्यक सेवा उपलब्ध गराई पहिलेदेखि नै विभिन्न दाता-उपासक-उपासिकाहरूले पुऱ्याउँदैआएको योगदानलाई बिर्सनसक्ने अवस्था छैन । ती सबैको गुणस्मरण गर्नु हाम्रो कर्तब्य हुन आउँछ । अतः दायक-दायिका स्मृति दिवस को रूपमा ती सबैको गुणस्मरण गरी एक धार्मिक कार्यक्रमको आयोजना गरेर मनाउने विषयमा पनि तपाईको ध्यानाकर्षण गर्न चाहन्छौँ । हाल आनन्द कुटी विहारलाई जग्गा दिनु हुने दिवंगत अनागारिका विष्णु माया मानन्धर, दि. जोगरत्न सिंदुराकार उपासकको नाममा स्मृति दिवस मनाउने भएका छौं । जुन स्मृति दिवस यस आर्थिक वर्षदेखि मनाउन लागिएको ब्यहोरा पनि सहर्ष जानकारी गराउँदछौं । आनन्द कुटी विहारको विरूद्धमा परेको सम्पूर्ण मुद्दाहरू खारेज भइसकेको जानकारी गराउँदै अब उपरान्त माथि उल्लेखित कार्यक्रमहरू संचालनमा ल्याउन सकिने ब्यहोरा पनि सहर्ष जानकारी गराउँदछौ ।

श्रद्धेय संस्थापकज्यूका जन्मभूमि पाल्पा तानसेनका जेहेन्दार विद्यार्थीहरूलाई प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गरिंदै आएका छौं भने आनन्दकुटी विहारमा संचालन भइरहेको अमृत बौद्ध परियत्ति कक्षालाई पनि सहयोग गर्दै आइरहेका छौं । यसरी आनन्द कुटी विहारमा संचालन भइरहेको सम्पूर्ण धार्मिक सामाजिक कार्यक्रमहरू उक्त विहारवासी भिक्षुहरूले सुचारू रूपमा सम्पन्न गरिरहेको सहर्ष जानकारी गराउँदछौं । यसरी नै बौद्ध मित्र राष्ट्र श्रीलंका र अन्य राष्ट्रहरूबाट विभिन्न समयमा पाल्नुभएका माननीय मन्त्रीहरू, सरकारी वरिष्ठ ब्यक्तिहरूका साथै महानुभावहरूको आगमण्न र स्वागतका कार्यक्रमहरू भएको छ भने ह्युदै आइरहेको पनि छ । साथै श्रद्धेय भिक्षुसंघका विशिष्ठ भिक्षुहरूको समय समयमा हुने गरेको आगमनले पनि दुई देशबीचको धार्मिक-सामाजिक घनिष्ठ सम्बन्धतामा उल्लेखनीय अवस्था हासिल गर्न सकेको महशुस गर्न पाउँदा भविष्यमा बौद्ध मित्र राष्ट्रबाट यस विहार एवं बुद्धधर्मको उत्थानमा सहयोगको अपेक्षा राख्न सकिने हुँदा ती विशिष्ठ पाहुनाहरूको बसाइको निम्ति आगन्तुक गृहको आवश्यकता परिरहेको तथ्यमा पनि तपाइँहरूको पुन ध्यानाकर्षण गराउन चाहन्छौँ । हाल परिमार्जित गरिएको सभाकक्षमा उहाँहरूको स्वागत एवं बैठक बस्ने कार्य भइरहेको छ । यस ऐतिहासिक आनन्द कुटी विहारलाई समयसापेक्ष परिमार्जित प्रवर्द्धित गरी समय सुहाउँदो धर्मप्रचार गर्ने प्रमुख केन्द्रको रूपमा विस्तार गर्नुपर्ने समयको मागलाई मध्यनजर गरी विहार पुनः निर्माण वा जिर्णोद्धार तथा भावी कार्यक्रमहरू तर्जुमा गर्दै अगाडि बढिरहेको र अझ बढ्नुपर्ने र यसको निम्ति तपाइहरू सबैको सामूहिक प्रयास र सहयोग अपरिहार्य रहने तथ्यलाई पनि यहाँ उजागर गर्न चाहन्छौं ।

अन्तमा लेखापरीक्षण गरिदिनुहुने लेखा परीक्षकलाई धन्यवाद दिंदै आजको यस सभालाई सफल पारिदिनुभएकोमा उपस्थित सम्पूर्ण सदस्य महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

भवदीय

भिक्षु धर्ममूर्ति
सदस्य-सचिव
आनन्द कुटी विहार (संस्था)

# युवाहरूको व्यक्तित्व विकासका लागि बुद्धधर्म

✍ संचित बुद्धाचार्य, मैत्रेय युवा संघ, भक्तपुर

युवावस्था हरेक व्यक्तिको जीवनको एक महत्त्वपूर्ण अवस्था हो । यस अवस्थामा मानिसहरू शारीरिक र मानसिक रूपमा स्वस्थ हुने भएकोले हरेक कामहरू सहज रूपमा गर्नसक्ने हुन्छ । युवा अवस्थामा नै हामी आफ्नो व्यक्तित्व विकासमा लाग्छौं, भविष्य निर्माणतर्फ लाग्छौं र आफ्नो सपना साकार पार्नेतर्फ लाग्दछौं । त्यसैले युवावस्था हाम्रो जीवनको यस्तो अवस्था हो, जसले हाम्रो भविष्य निर्धारण गर्दछ । त्यसैले यस युवावस्थालाई हामीले खेर फाल्यौं वा कुसंगतमा लागेर वा अकुशल कार्यहरू गरेर यसलाई बिगाऱ्यौं भने बाँकी सारा भविष्य नै अन्धकारमय हुन सक्दछ ।

सामान्यतः धर्म-कर्म भनेको जीवनको उत्तरार्धमा मात्र गर्ने कुरा हो भन्ने मानिसहरूको मानसिकता रहेको छ । तर राम्ररी विचार गरेर हेर्ने हो भने युवावस्थामा धर्म अझ बढी आवश्यक रहेको छ । युवावस्था सफल भएमा मात्र सारा जीवन सफल हुन सक्दछ, त्यसैले युवावस्थामा धर्म अझ महत्त्वपूर्ण छ । सामान्यतः धर्म भनेको अर्को जन्मको लागि गर्ने हो भनेर जीवनको उत्तरार्धमा मात्र धर्मकर्म गर्ने गरेको पाइन्छ, तर भगवान् बुद्धका अनुसार धर्म यहींको यहीं फल प्राप्त गर्नलाई (सन्दिट्ठिको) र समय नबित्दै फल दिने ( अकालिको) भएकोले वर्तमान अवस्था सफल बनाउन र यही जीवनको लागि भएकोले युवावस्थादेखि नै धर्मको अभ्यास आवश्यक छ । सही धर्मको जानकारीले मात्रै सुन्दर भविष्यको मार्ग निर्देशन गर्नसक्ने भएकोले युवावस्थामा गरिने जीवनका महत्त्वपूर्ण निर्णयहरू लिनका लागि यस अवस्थामा धर्मको अत्यन्त आवश्यकता रहेको छ । वृद्धावस्थामा शक्ति कम हुने र विभिन्न रोग-व्याधिका कारणले धर्म गर्ने इच्छा भएता पनि गर्न नसकिने भएकाले पछि पश्चाताप गर्न नपर्ने गरी युवावस्थामा नै धर्मको अभ्यास आवश्यक छ भन्न सकिन्छ ।

युवावस्थामा विशेष रूपमा आउने चञ्चलपन, अभिमान र विभिन्न प्रकारका मद-मत्ताका कारणले विभिन्न प्रकारका अकुशल कार्यहरू हुनसक्ने सम्भावना बढिरहेको छ । त्यसैले यसलाई अनुशासित गर्नका लागि पनि धर्म अति आवश्यक छ । यदि यसलाई पहिल्यै अनुशासित गर्न सकेनौं भने युवावस्थामा यस्ता गह्रौं संस्कारहरू पनि बन्न सक्दछन् जसको फलस्वरूप पछि आफूले चाहेर पनि कुशलकर्म गर्न नसक्ने हुन्छन् ।

युवावस्थामा मानिसहरू विभिन्न व्यक्तिहरूसँग संगत गर्दछन्, विभिन्न क्षेत्रमा लाग्दछन् । त्यसैले यस अवस्थामा नराम्रो संगतमा फस्नसक्ने प्रचुर सम्भावना रहन्छ । भगवान् बुद्धले पराभव सूत्रमा तीनवटा वस्तुहरूको नशाका बारेमा भन्नुभएको छ, ती हुन्:- मादक पदार्थको नशा, जुवा-तास खेल्ने नशा र स्त्रीको नशा । नराम्रो संगतमा लागेर युवावस्थामा यस्ता कुसंगतमा लाग्ने र त्यस्तैगरी धन कमाउने र मोजमस्तीमा संलग्न हुनेहरूका लागि विभिन्न प्रकारका अनैतिक कार्यहरू जस्तै भ्रष्टाचार, लुटपाट, तस्करी, व्यभिचार, हिंसा, आतंक आदि मच्चाउने कार्यहरू हुन सक्दछन् । त्यसैले बेलैमा यस अवस्थामा आचरण शुद्ध गरेन भने, धर्मको अभ्यास गरेन भने त्यस्ता व्यक्तिको जीवन पतन पनि हुन सक्दछ । धम्मपदको पण्डित वर्गमा भगवान् बुद्धको उपदेश यसरी उल्लेख गरिएको छ :-

न भजे पापके मित्ते, न भजे पुरिसाधम्मे ।<br>
भजेथ मित्ते कल्याणे, भजेथ पुरिसुत्तमे ॥

अर्थात् पापीमित्र र अधर्मी पुरूषको संगत नगर, कल्याणमित्र र उत्तम पुरूषको संगत गर । त्यसैले यस युवावस्थामा आफ्नो कल्याणमित्र चिन्न सक्ने खुबी पनि हुनुपर्छ ।

युवावस्था एक संघर्षमय अवस्था पनि हो । शिक्षा आर्जन गर्नका लागि गर्नुपर्ने संघर्ष, आर्थिक उपार्जन गरेर समाजमा प्रतिष्ठित हुनका लागि विभिन्न प्रयासहरू गर्नुपर्ने भएकोले विभिन्न प्रकारका समस्याहरूको सामना पनि यस अवस्थामा गर्नुपर्ने हुन्छ । त्यसैले यसबाट आउने निराशापन र संघर्षलाई सहज रूपमा स्वीकार गर्नका पनि धर्मको अभ्यास आश्यक छ । भगवान् बुद्धले जीवनको प्रथम वैंशमा नै धर्मको अभ्यासमा गर्नुपर्ने उपदेशहरू दिनुभएको छ । समय बित्दै गएपछि धर्मको अभ्यास गर्न नसकिने र अभ्यास सार्थक नहुने कुरा पनि वहाँले भन्नुभएको छ ।

बनारसमा एक महाजनका छोरा भएर पनि युवावस्थामा मोजमज्जामा मात्र जीवन बिताएर पछि जीवनको उत्तरार्धमा मागेर खानुपर्ने अवस्था आएका एक जोडी श्रीमान्-श्रीमतीका बारेमा भगवान् बुद्धले भन्नुभएको छ- "यदि उनीहरू युवावस्थाको प्रथम, द्वितीय वा तृतीय वैंशमा धार्मिक भएर आफ्नो कर्तव्य निभाएका भए क्रमशः प्रथम महासेठ, द्वितीय महासेठ र तृतीय महासेठ हुने थियो । यदि ब्रह्मचर्य पालन

गरेर बसेको भए क्रमशः अर्हत्, अगानामी वा सकृदागामी हुने थियो । तर युवावस्थामा धर्मको अनभिज्ञताका कारण आज बनारसको सडकमा फ्याँकिएका जुठो खानेकुराहरू खानुपर्ने भयो । भगवान् बुद्धको यस कथन मनन गर्न योग्य छ । यस कथनबाट के सिद्ध हुन्छ भने धर्म भनेको जति चाँडो गऱ्यो उति लाभदायक हुन्छ ।

भगवान् बुद्धले दिनुभएको शिक्षाहरू हर समय कल्याणकारी रहेका हुन्छन् । उहाँको शिक्षाहरूमा मनलाई प्रधानता दिएर उपदेशहरू दिइएको पाइन्छ । धम्मपदको यमक वर्गमा यसरी उल्लेख गरिएको छः-

मनोपुब्बङ्गमा धम्मा-मनोसेट्ठा मनोमया ।
मनसा चे पदुट्ठेन-भासति वा करोति वा ।।
ततो नं दुक्खमन्वे' ति-चक्कं' व वहतो पदं ।।

अर्थात्- मनको धर्म हो जुनसुकै काममा पनि अगुवा हुनु र मन नै मुख्य भएर जताततै पुगेको हुन्छ । त्यसकारण अशुद्ध, मन भएर कसैले बोल्यो वा गऱ्यो भने बयलको पछि-पछि गाडाको पांग्रा आएझैं दुःख पछि-पछि लागेर आउँछ ।

यसबाट के स्पष्ट हुन्छ भने हामीले पहिले हाम्रो मनलाई सफा राख्नुपर्छ । केही गर्दा पहिले मनमा विकारहरू उत्पन्न भएका त छैनन् भनेर मनलाई जाँचेर हेर्नुपर्दछ । युवावस्था भनेको यस्तो अवस्था हो जुन अवस्थामा मानिसहरू आफ्नो मनको गुलाम हुन्छन् र जोशमा होश गुमाउन सक्ने धेरै सम्भावना हुन्छ । त्यसैले यस्तो अवस्था आउन नदिन हरेक कामहरू गर्दाखेरी पहिले आफ्नो मनलाई जाँचेर हेर्ने स्वभाव विकास गर्न सक्नुपर्छ । अनि मात्रै यस अवस्थामा हामीले होश राखेर कामहरू गर्न सक्छौं र होशमा रहेर काम गर्दा काममा सफलता तथा सन्तुष्टी र साथसाथै खुशीपनि अवश्य मिल्छ ।

धर्म भनेको केवल किताबी ज्ञान होइन । धर्म भनेको त शुद्ध आचरण हो । धर्मको सैद्धान्तिक पक्षलाई थाहा पाएर शील, समाधि, प्रज्ञा प्राप्तिका लागि निरन्तर लाग्नु नै धर्मको अभ्यास हो । धर्मको अभ्यास गरेर नै युवावस्थामा हामीले धर्मको बाटो बनाउन सक्छौं । यदि यसो गरिएन भने पक्कै पनि हाम्रो भविष्य अन्धकारमय हुनेछ । त्यसैले युवावस्थामा सहजै जीवन बिताएर यस अवस्थालाई अधिकतम सदुपयोग गर्नका लागि धर्म-पालन पूर्ण रूपले गर्न आवश्यक छ । धर्म राम्ररी पालन गर्नका लागि धर्मको जानकारी लिन परियित्तिको अध्ययन, त्यसलाई जीवनमा उतार्नका लागि शील-आचरण, ध्यान-भावना गरेर प्रतिपत्ति अभ्यास र जीवन पूर्ण रूपले सुरक्षित गर्नका लागि चित्तको क्लेश नाश गरेर धर्मलाई चिनेर प्रतिवेदनको साक्षात्कार गर्नका लागि युवावस्थादेखि नै धर्मको अभ्यास गरेमा व्यक्तित्व विकास हुने, शुद्ध आचरण हुने भएकाले सबैको प्रिय हुने र युवाहरू देशका कर्णधार तथा एउटा बलियो खम्बा भएकाले देशले पनि एक असल नागरिक पाउने र सबै युवाहरूले धर्मको अभ्यास गरेमा देशमा सुख-शान्ति छाएर देश विकास हुने सुनिश्चित छ । ❀

"भवतु सब्ब मंगलं ।"

# बुद्ध-भूमि



**- धर्मनारायण महर्जन**
मनमैजु-४

मलाई मेरो देशको
माटो देखेर,
सिर्जनाको अपार-भूमि
भन्न मन लाग्छ ।

हिमाल पहाड नदीनाला
हरियो वन जङ्गल,
प्रकृतिका प्रचुर-भूमि
भन्न रहर लाग्छ ।

यहाँका सुरूङ्ग अनि झुपडीको
अवशेष र अवलोकनले
ऋषि मुनिको (त्याग) तपो-भूमि
भन्न जाँगर लाग्छ ।

कला-कृतिले भरिएको
मठ-मन्दिर देखेर
स्वर्गकै एक कर्म-भूमि
भन्न रहर जाग्छ ।

जन्मँदै गौतम बुद्ध
हिंडेको सुनेर
बुद्ध-भूमि पुण्य-भूमि
भन्न कर लाग्छ ।

पालित्रिपिटक अनुवादमाला

महापरिनिर्वाण-सूत्र

# बुद्धको अन्तिम यात्रा विवरण-११



✍ **अनु. दुण्डबहादुर वज्राचार्य**

भगवान् परिनिर्वाण मञ्चतिर : अनि भगवान्‌ले आयुष्मान् आनन्दलाई सम्बोधन गर्नुभयो– "आऊ, आनन्द ! जहाँ हिरण्यवती नदीको उता पारिम तीर छ, जहाँ कुशीनाराका मल्लहरूको शालवन उपवन *(उपवत्तन)* छ, त्यहाँ जाऔं ।" "हवस्, भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्‌लाई प्रत्युत्तर दिनुभयो । त्यसपछि भगवान् महत् भिक्षुसङ्घ साथ जहाँ हिरण्यवती नदीको उता पारिम तीर छ, जहाँ कुशीनाराका मल्लहरूको शालवन उपवत्तन छ, त्यहाँ जानुभयो । त्यहाँ जानुभई आयुष्मान् आनन्दलाई आमन्त्रणा गर्नुभयो– "आनन्द ! यमक शाल वृक्ष *(दुईवटा शाल रूख)* को बीचमा मेरो निमित्त उत्तर तर्फ सिरान राखी मञ्च *(खाता)* बनाइ देओ । आनन्द ! म क्लान्त छु, लेट्न चाहन्छु ।" "हवस्, भन्ते ! " भनी आयुष्मान्‌ले आनन्द प्रत्युत्तर दिइ यमक शालवृक्षको बीचमा उत्तरतर्फ सिरान राखी मञ्च बनाइ दिनुभयो । अनि भगवान् दाहिनेतिरबाट सिंहशयया गरी *(दाँया)* खुट्टा माथि *(बाँया)* खुट्टा राखी स्मृतिसम्प्रजन्य भई लेट्नुभयो ।

त्यसबेला ती दुवै शालवृक्ष असमयमै धेरै फूलहरू फुलिरहेका थिए । तथागतको पूजा हेतु ती फुलहरू तथागतको शरीरमाथि छरिएर झरिरहेका थिए । दिव्य चन्दन चूर्ण पनि आकाशबाट वर्षा भईरहेका थिए, ... दिव्य चन्दन चूर्ण पनि आकाशबाट तथागतको शरीरमाथि छरिएर झरिरहेका थिए । तथागतको पूजा हेतु आकाशमा दिव्य वाद्य बज्न थाल्यो ... दिव्य संगीत पनि बज्न थाल्यो । आनन्द ! *(परन्तु)* यति गर्दैमा तथागतको सत्कृत, गुरूकृत, मानित, पूजित तथा उपचित हुने होइन । आनन्द ! जब भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू *(मैले उपदेश दिएका* धर्मको मार्गमा आरूढ भई धर्मानुसार आचरण गरी विहार गर्नेछन्, यथार्थ मार्गमा आरूढ भई पालन गर्नेछन्, वृद्धि गर्नेछन् भन्ने त्यसबेला मात्र तथागतको सत्कृत, गुरूकृत, मानित, पूजित, अपचित हुने हुन्छ । आनन्द ! अतः तिमीहरूले धर्मको मार्गमा आरूढ भई धर्मानुसार आचरण गरी विहार गरे, यथार्थ मार्गमा आरूढ भई पालन गरे, वृद्धि गरें, आनन्द ! तिमीहरूले सिक्नुपर्छ ।

उपवानलाई हटाइनुभएको : त्यसबेला आयुष्मान् उपवान भगवान्‌को अगाडि उभिइ भगवान्‌लाई पंखा हम्कँदै हुनुहुन्थ्यो । अनि भगवान्‌ले उपवानलाई भन्नुभयो– "भिक्षु ! हटेर जाऊ, तिमी मेरो अगाडि उभिई नबस ।" त्यसपछि आयुष्मान् आनन्दलाई यस्तो भयो– 'यी आयुष्मान् उपवान चिरकालदेखि भगवान्‌को समीपमा बस्ने सन्तिकावचर *(सेवामा अनुचरको रूपमा काम गर्ने)* उपस्थाक हुनुहुन्थ्यो ।' त्यस्तो भए पनि अन्तिम समयमा भगवान्‌ले उहाँलाई– भिक्षु ! हटेर जाऊ, तिमी मेरो अगाडि उभिई नबस भनी हटाउनुभयो । भन्ते ! भगवान्‌ले आयुष्मान् उपवानलाई हटाउनु भएको के हेतु के प्रत्यय होला ?

"आनन्द ! धेरै नै दस लोक धातुका देवताहरू तथागतको *(अन्तिम)* दर्शन गर्न एकत्र भइरहेछन् । आनन्द ! यो बेला यहाँ मल्लहरूको शालवनको चारैतिर बाह्र बाह्र योजनसम्म एउटा केशसम्म राख्ने ठाउँ खाली छैन जहाँ महेशाख्य *(धेरै नै प्रभावशाली भएका)* देवताहरू नहोस् । आनन्द ! ती देवताहरू खिन्न भईरहेका थिए– 'हामी तथागतको दर्शनको निमित्त धेरै टाढाबाट आएका हौं । लोकमा तथागत अरहत् सम्यक्सम्बुद्ध कहिलेकाहीं मात्र उत्पन्न हुन्छ, आजै रातको अन्तिम प्रहरमा तथागतको परिनिर्वाण हुनेछ । यहाँ भने यी महेशाख्य *(मोटे अथवा प्रतापीवाला)* भिक्षुले छेकेर तथागतको अगाडि उभिरहेछ । अन्तिम समयमा हामीलाई तथागतको दर्शन मिलिरहेको छैन ।'

"भन्ते ! भगवान्‌ले ती देवताहरूको बारे कसरी देख्नुभएको छ ?

"आनन्द ! पुथ्वी संज्ञी देवताहरू आकाशमा आ-आफ्ना केश फिजाएर रोइरहेका छन् । दबवै हातले बाहु *(पाखुरा)* समातेर रोइरहेका छन् । काटेको रूख ढलेझैं जमिनमा लडेर बसिरहेका छन् । यता उति लडेर गुडेर विलाप गरिरहेका छन्– 'यति चाँडै भगवान् परिनिर्वाण हुन लाग्नुभयो । यति चाँडै सुगत परिनिर्वाण हुन लाग्नुभयो । यति चाँडै चक्षुष्मान् *(बुद्ध)* लोकबाट अन्तर्धान हुन लाग्नुभयो' ।"

"आनन्द ! पृथ्वीसंज्ञी देवताहरू पृथ्वी *(जमीन)* मा आ-आफ्ना केश फिजाएर रोइ रहेका छन् । दुवै हातले बाहु समातेर रोइरहेका छन् । काटेको रूख ढलेझैं जमिनमा लडेर

बसिरहेका छन् । यताउति लडेर गुडेर विलाप गरिरहेका छन्– 'यति चाँडै भगवान् परिनिर्वाण हुन लाग्नुभयो । यति चाँडै सुगत परिनिर्वाण हुन लाग्नुभयो । यति चाँडै चक्षुष्मान् *(बुद्ध)* लोकबाट अन्तर्धान हुन लाग्नुभयो ।' परन्तु जो ती देवताहरू वीतरागका छन् उनीहरूले स्मृतिसम्प्रज्यन्य राखी *(धैर्य धारण गरी)* सहन गरिरहेका छन्– सत्तर *(संस्कार)* अनित्य छ, अतः कसरी सधैं पाउनु सकिएला ?

चार संवेजनीय स्थान : "भन्ते ! पहिले दिशादिशाबाट वर्षावास बसी भिक्षुहरू भगवान्को दर्शन गर्न आइरहन्थे । ती मनोभावनीय भिक्षुहरूको दर्शन तथा सत्संगत हामीलाई मिलिरहन्थे । भन्ते ! अब भगवान् नरहनुभएपछि हामीले ती मनोभावनीय भिक्षुहरूको दर्शन पनि पाउँदैनौं होला ।"

"आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त यी चार दर्शनीय, संवेजनीय *(वैराग्यप्रद)* स्थान हुन् । कुन चार स्थान ? यहाँ तथागत उत्पन्न भयो[१] भनी– आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । यहाँ तथागत अनुत्तर सम्यक्सम्बुद्धत्व प्राप्त गर्नुभयो[२] भनी– आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । यहाँ तथागतले अनुत्तर धर्मचक्र प्रर्वतन *(प्रथम धर्मोपदेश)* गर्नुभयो[३] भनी– आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । यहाँ तथागत अनुपादिशेष निर्वाणधातुद्वारा परिनिर्वाण हुनुभयो[४] भनी– आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । आनन्द ! श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय संवेजनीय स्थान हुनेछ । आनन्द ! यी नै चार स्थान श्रद्धालु कुलपुत्रको निमित्त दर्शनीय, संवेजनीय स्थान हुन् ।

"आनन्द ! श्रद्धालु भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू *(भविष्यमा)* आउने छन्– 'यहाँ तथागत उत्पन्न भएको हो, यहाँ तथागतले अनुत्तर सम्यक्सम्बुद्धत्व प्राप्त गर्नुभएको हो, यहाँ तथागतले अनुत्तर धर्मचक्र *(प्रथम धर्मोपदेश)* प्रर्वतन गर्नुभएको हो, यहाँ तथागत अनुपादिशेष निर्वाण धातुद्वारा परिनिर्वाण हुनुभएको हो । आनन्द ! जो कसैको यी चेतियहरूमा चारिका गरी प्रसन्न चित्त राखी मृत्यु हुन्छ, ती सबै मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् ।'

आनन्दको प्रश्न : "भन्ते ! हामीले स्त्रीहरूसित कस्तो व्यवहार गर्नुपर्छ ?"

"आनन्द ! मुख नहेर्नू ।

"भन्ते ! मुख हेर्नु पऱ्यो भन्ने कसरी व्यवहार गर्नु पर्छ ?"

"आनन्द ! कुरा नगर्नू ।"

"भन्ते ! कुरा गर्नु पऱ्यो भन्ने कसरी व्यवहार गर्नु पर्छ ?"

"आनन्द ! स्मृतिलाई सम्हाली होस राखेर बस्नू ।"

"भन्ते ! *(निर्वाणोत्तर)* तथागतको शरीरलाई हामीले के गर्नुपर्छ ?"

"आनन्द ! तथागतको शरीर पूजामा तिमीहरू नलाग । आनन्द ! तिमीहरूले सारत्थको निमित्त प्रयत्न गर्नु पर्छ, सारत्थको निमित्तं उद्योग गर्नुपर्छ । सारत्थको निमित्त अप्रमादी, उद्योगी, संयमी भई विहार गर्नुपर्छ । आनन्द ! क्षत्रिय पण्डितहरू, ब्राह्मण पण्डितहरू, गृहपति पण्डितहरू तथागतप्रति अभिप्रसन्न छन् । उनीहरूले तथागतको शरीर-पूजा गर्नेछन् ।

"भन्ते ! तथागतको शरीरलाई कस्तो व्यवहार गर्नु पर्छ ?" "आनन्द ! जस्तो चक्रवर्ती राजाको शरीरलाई व्यवहार गर्नु पर्ने हो त्यस्तै नै तथागतको शरीरलाई पनि गर्नु पर्छ ।"

"भन्ते ! चक्रवर्ती राजाको शरीरलाई कस्तो व्यवहार गर्नु पर्छ ?"

"आनन्द ! चक्रवर्ती राजाको शरीरलाई नयाँ वस्त्रले *(अहतेन वत्थेन)* बेर्नुपर्छ, त्यसपछि राम्ररी धुलाई राखेको रूवा कपास राखेर फेरि नयाँ वस्त्रले बेर्नु पर्छ । यसरी रूवा कपास र नयाँ वस्त्रले पाँचसय पटक बेरेर चक्रवर्ती राजाको शरीरलाई तेल भरिएको सुवर्ण द्रोणीमा राखी अर्को फलामको खाली द्रोणीले छोपी सबै चन्दन आदि सुगन्धित काष्टादि दाउराको चित्ता बनाई चक्रवर्ती राजाको शरीरलाई जलाइन्छ । चतुमहापथ *(ठूल ठूला चौबाटो)* मा चक्रवर्ती राजाको स्तूप *(स्मृतिस्तम्भ)* बनाइन्छ । आनन्द ! जसरी चक्रवर्ती राजाको शरीर क्रिया गरिने हो त्यसरी नै तथागतको शरीर क्रिया गर्नुपर्छ । चतुमहापथमा तथागतको स्तूप बनाउनुपर्छ । त्यहाँ जो कसैले माला, गन्ध, चूर्ण चढाउँछ अथवा चित्त प्रसन्न पार्छ उसको निमित्त दीर्घकाल सम्म हित सुख हुन्छ ।

स्तूप बनाउन योग्य पुद्गलहरू : "आनन्द ! यी चार स्तूप बनाउन योग्य *(थूपारहो)* छन् । के के चार ? (१) तथागत अरहत् सम्यक्सम्बुद्धको*(अस्थिधातु)* स्तूप बनाउन योग्य छ । (२) प्रत्येक बुद्धहरूका *(अस्थिधातु)* स्तूप बनाउन योग्य छ । (३) तथागत अरहत्हरूका *(अस्थिधातु)* स्तूप बनाउन योग्य छ । (४) चक्रवर्ती राजाहरूका *(अस्थिधातु)* स्तूप बनाउन योग्य छ ।

Footnote:

१. लुम्बिनी २. बुद्धगया

३. सारनाथ ४. कुसीनारा (कुशिनगर)

**क्रमशः ......**

# पञ्चशीलको महत्त्व

✍ **श्वेता वज्राचार्य, परियत्ति कक्षा-२**

आजभन्दा करीब छब्बीससय वर्षअगाडिको कुरा हो, कपिलवस्तु नगरमा शाक्य कुलका राजा शुद्धोदनले राज्य गरिरहेका थिए । उनका दुईजना श्रीमति थिए । जेठी माहामायादेवी र कान्छी महाप्रजापति गौतमी । तपाइहरूले "गौतम बुद्ध" को नाम त सुनेकै होला । उनी बालक छँदाको नाम सिद्धार्थ थियो । सिद्धार्थको जन्म महामायादेवीको कोखबाट भएको थियो भने भरणपोषण सानी आमा महाप्रजापति गौतमीले गरेकी थिइन् ।

एकदिन उनी घुम्न जाँदा उनले ४ निमित्त देखे, ती हुन्- बृद्ध, बिरामी मान्छे, मृतक (लास) र शान्त भिक्षु । उनलाई बुद्धमानिस, बिरामी मान्छे लास देखेर जीवनप्रति वितृष्णा जाग्यो, त्यसपछि उनले गृहत्याग गरे र कठिन तपस्यापछि बोधिज्ञान हासिल गर्न सफल भए । त्यसपछि उनी "गौतम बुद्ध" को नामले प्रसिद्ध भए । उनले आफूले प्राप्त गरेको ज्ञान आफूसँग सीमित नराखी विभिन्न ठाउँमा चहारी मानव-समाजलाई ज्ञान बाँड्दै हिँडे र तीनै ज्ञानमध्ये "पञ्चशील" पनि एक हो ।

"पञ्चशील" भन्नाले हाम्रो मन, वचन र शरीरबाट हुनसक्ने अकुशल कार्यहरू हुन नदिन पालना गर्नुपर्ने नियमहरू हुन् भन्ने बुझ्नुपर्छ । तीनै पाँचवटा नियमहरूलाई पञ्चशील भनिन्छ । ती हुन् :-

१) "पाणातिपाता वेरमणी सिक्खापदं समादियामि" अर्थात् म प्राणी हिंसा नगर्ने शीलको पालना गर्छु ।

२) "अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि" अर्थात् म चोरी नगर्ने शीलको पालन् गर्छु ।

३) "कामेसु मिच्छाचारा वेरमणी सिक्खापदं समादियामि" अर्थात् म व्यभिचार नगर्ने शीलको पालना गर्छु ।

४) "मुसावादा वेरमणी सिक्खापदं समादियामि" अर्थात् म भूठो नबोल्ने शीलको पालना गर्छु ।

५) सुरामेय मज्ज पमादट्ठाना वेरमणी सिक्खापदं समादियामि" अर्थात् म नशालु पदार्थको सेवन नगर्ने शीलको पालना गर्छु ।

**१. पाणातिपाता वेरमणी सिक्खापदं समादियामि :**

भगवान् बुद्धले भन्नुभएको छ, "सबैलाई आफ्नो ज्यानको माया हुन्छ, सबै प्राणीहरू बाँच्न चाहन्छन्, कोही पनि आफ्नो परिवारलाई छोडेर जान चाहँदैन ।" हामीलाई जस्तो र हाम्रो जस्तो जीवन अरू प्राणीको पनि हुन्छ । त्यसैले हामीले अरू प्राणीको प्राण लिनु हुँदैन । प्राणीहरूलाई उनीहरूको अधिकार छिन्नु र दुःख दिनु पनि प्राणी हिंसा हो । यदि कोही प्राणीले हामीलाई त्यसो गऱ्यो भने के हुन्छ ? हामीलाई आफ्नो ज्यानको माया लाग्छ । त्यसैले हामी प्राणीमध्ये सर्वश्रेष्ठ प्राणी हौं । त्यसैले हामीले अरूको दुःख बुझ्नुपर्छ ।

**२. अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि :**

घाँस, काठ र पानीदेखि लिएर अर्काको अधिकारमा रहेका सजीव वा निर्जीव कुनैपनि सम्पत्ति त्यसका मालिकले नदेखिने गरी वा उनलाई थाहा नहुने गरी चोरी गर्ने नियतले लिनुलाई अदिन्नादाना भनिन्छ । हामीलाई, यदि हाम्रो आफ्नो सामान चोरी भएको छ भने, धेरै रिस उठ्छ र यहाँसम्म कि हामी उनीहरूलाई सराप्न पुग्छौं । त्यसैगरी, यदि हामीले अरूको सामान चोऱ्यौं भने अरूलाई पनि त्यत्तिकै रिस उठ्छ । हामीले आफ्नो इच्छा र स्वार्थको वशमा परी कसैको सामान चोर्नु हुँदैन ।

**३. कामेसु मिच्छाचारा वेरमणी सिक्खापदं समादियामि :**

पररस्त्री वा परपुरूष गमन गर्नुलाई नै मिच्छाचारा अर्थात् मिथ्याचार भनिन्छ । व्यभिचार भन्नाले अरू मानिससमाथि आफ्नो नराम्रो दृष्टि राख्नु पनि हो । व्यभिचार गर्नाले आफ्नो इज्जत घट्ने र यसले गर्दा विभिन्न रोगहरूले सताउने हुन्छ । त्यसैले व्यभिचार नगरेमा सुखी जीवन जिउन सकिन्छ ।

**४. मुसावादा वेरमणी सिक्खापदं समादियामि :**

मुसावादा भनेको झूठो बोल्नु हो । अरू कोही मानिसलाई सत्य लुकाएर झूठो कुरा बताउनु नै झूठो बोल्नु हो । हामीले पहिले त झूठो बोल्छौं र अरूले पनि त्यस झूठमा विश्वास गर्छन् तर जब सत्य अगाडि आउँछ तब विश्वास गर्ने मान्छेले पनि विश्वास गर्न छाड्छ र त्यसमा हाम्रै घाटा हुने गर्दछ । त्यसैले हामीले अरूको विश्वासलाई नतोडिकन झूठो नबोल्ने शीलको पालना गर्नुपर्दछ ।

**५. सुरामेय मज्ज पमादट्ठाना वेरमणी सिक्खापदं समादियामि :**

सुरामेय मज्ज पमादट्ठाना भनेको नशालु पदार्थको सेवन नगर्ने हो । नशालु पदार्थ सेवन गरेमा अरू शील पनि तोडिने हुन्छ । जसरी एउटा भित्ताको इँटा खसेमा अरू इँटा पनि खस्न थाल्छ, त्यस्तैगरी हामीले एउटा शीललाई तोडेमा अरू शील पनि तोड्न पुग्दछौं । लागु पदार्थको बारेमा एउटा कथा छ । त्यस कथामा एकजना मानिस हुन्छ, जो सबै पाँचवटा शीलको पालना गर्दथे । तर एक दिन अचानक उसलाई के मनमा आएछ, उसले लागु पदार्थ सेवन गर्न थालेछ । हुँदा हुँदा यसको उसलाई लत परेछ र एकदिन उसले छिमेकीको कुखुरा चोरेछ र पछि त्यसलाई मारेर पनि खाएछ । यसरी उसले चोरी र हिंसा पनि गरेछ । पछि कुखुराको मालिकले कुखरा खोज्दै आउँदा आफूले नदेखेको बताएर झूठो पनि बोलेछ । उसले व्यभिचार पनि गर्न थालेछ । यसरी नै उसले एउटा शील बिगारेर सबै शील तोड्न पुगेछ । त्यसैले सबै पाँचैवटा शील राम्ररी पालन गर्न अति आवश्यक छ ।

मानिसको जीवनका लागि शील अत्यन्तै आवश्यक छ । शीलपालन गरेमा मात्र सुखी जीवन जिउन सकिन्छ । त्यसैले म सबैलाई आह्वान गर्न चाहन्छु की पञ्चशील पालना गर्नुस् र सुखी जीवन बिताउनुस् । ❧

भवतु सब्ब मंगलं ।

(मैत्रेय युवा संघद्वारा आयोजित बाल वक्तृत्वकला प्रतियोगितामा प्रथम भएको रचना हो ।)



## समय

– **ई. पन्नाराज शाक्य**
ललितपुर-१७

पर्ख हे समय, पर्ख !
म निर्वाण हुने समयसम्मलाई !

कल्पना गर या सपना देख !
आफ्नो चितामा दागबत्ती दिंदा
या
आफ्नो चितालाई माटोमुनि गाड्दा
या
आफ्नो चितालाई टुक्रा, टुक्रा पारेर
बाजलाई खुवाउँदा

आफ्नो मरेको लाशले र जिउँदो चित्तले
बोलेका आत्मभाषा, क-कस्ले पो सुन्ने र
कस्ले पो बुझ्ने ?

तर रोई-चिच्याई-कराइरहेको हुन्छ
यो मरेको लाश र जिउँदो चित्त
पर्ख हे समय पर्ख ! म निर्वाण हुने समयसम्मलाई

मेरो लाश जलाउँदा, आगोले पोल्छ !
मेरो लाश गाड्दा निशासिन्छ !
मेरो लाश टुक्रा, टुक्रा पार्दा असह्य-पीडा हुन्छ ।
तर कराइरहेको हुन्छ, यो मरेको लाश र जिउँदो चित्त

मात्र मेरो शरीर मरेको
तर चित्त मरेको छैन्
जन्म मरणबाट मुक्त पाउने
मैले निर्वाण पाएको छैन्

पर्ख हे समय पर्ख ! म निर्वाण हुने समयसम्मलाई !

# गरी देऊ उद्धार

– राज शाक्य ल.पु.

भगवान् ! आएँ तपाईंको द्वार
शरणमा लिई गरी देऊ उद्धार ।

चञ्चलतामा डुब्यो यौवन काल
देखें मधुशाला सारा संसार
लाग्थ्यो धर्म, बन्धन जाल
मन्दिर मस्जिद सब बेकार ।

"गर्दैन जस्ले धन संचय
भई यौवन कालमा ब्रह्मचारी
पाउँछ उस्ले दुःख र भय
बुढेस कालमा पश्चाताप गरी" ।

प्रमादमा भुली जीवन बर्बाद
देखें अब चारैतिर अन्धकार
हटाई कसरी मनको विकार
प्राप्त गर्न सकुँ धर्म-सार ।

उपदेश तपाईंको नगर्दा अङ्गीकार
जिन्दगी बन्यो कंटक झार
गरी छेदन प्रप्रञ्च मार
बगाउँ कसरी धर्मरस धार ।

भगवान् ! आएँ तपाईंको द्वार
शरणमा लिई गरी देऊ उद्धार ।

भगवान् ! आएँ तपाईंको द्वार
शरणमा लिई गरी देऊ उद्धार ।





## राज्यं अन्याय याके मज्यू

: हेरारत्न शाक्य
युवक बौद्ध मण्डल, यल ।

मोहम्मद पैगम्बरया कार्टुन फिल्म दयेकूपिं
अमेरिकी संकिपाः कःमिपिन्त विरोध याःपिं
अय् बंगलादेसया मुस्मां विद्रोही भाजुपिं
छाय्थें ज्ञानीपिं बौद्ध तय्गु छें छ्वेकाः तँ दिकूपिं

खः इपिं हे खः बुद्धया बेइज्जत याःपिं
अय्नं मस्यंकु सुइगुं नेपाःया बौद्ध हिक्वाःपिं
बौद्ध तय्सं न्हाय् तःगु दु छिकपिनि बंगलादेसय्
स्वयादिसं इतिहास पुइका दु न्हां बौद्ध तय्

इपिं सुं नाप शत्रुता तइ मखुपिं
थःगु परिश्रमं दुथे फुथें म्वाये सयेकूपिं
अय्नं छाय महीत इमित मुस्मां पासापिंसं
म्वाकं दुःख ब्यूगुया विपाक फइ छिकपिंसं

हुनि बांलाक ममासे हे दण्ड बीयःपिं
सहयाइपिं धकाः आपाः हेपय् यायमेत छिपिं
थःहे देय्या बौद्ध जनता तय्त दुःख बीपिं
राज्य कानूनं मखंछु याःसां मानव अधिकार दु न्हां इमि ।



## बखुं मिखां स्वयेवं ....

– हरिमान दिवाकर
ख्यालि प्याखंम्वः



मन जिगु अति ख्वल
तर मिखां ख्वबि मवः
निराश जिगु जीवनय्
सुनां छकः ह्येकः मवः ।

बागःमिखां स्वये मयः
जितः सदां कुंखिनी
आःला सत्य स्वेहे मयः
इवयेपियाः स्वयाच्वनी

मखु धाधां खँ ब्याकल
बखुं मिखां स्वयाक्यनी
मखु धका यक्व धाःसां
सत्यता ला वहे खःनि ।

न्हूगु दँ नेपाल संवत् ११३३ व स्वन्ति नखःया लसताय्
सकल नेपाःमिपिन्त भिन्तुना लिसें
नेपाः देसय् शान्ति जुइमाः ।

मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
ह्वनाछँ, पाको, न्यूरोड, काठमाडौं ।
फोनः ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७

# Basic Teachings of the Buddha

✍ **Dr. Ganesh Mali**



During the present times, Ne7pal has become the meeting ground of several forms of Buddhism- Theravada, Mahayana and Vajrayana. These diverse forms of Buddhism differ, in fact, not in the basic teachings taught by the Buddha in his days, but in the ways these teachings were later interpreted and interpolated, by highly learned Acharya-Pandits and scholars, transformed into symbolic representations, and practiced and propagated in different ways according to time, place and circumstances.

A common folk in Nepal or a foreigner visiting Nepal may become confused as to what Buddhism really is. Hence an attempt is hereby made to present, in a simple way, the basic teachings of the Buddha acceptable to all forms of Buddhism.

**1. Impermanence, suffering and self-lessness:**

Being made up of matter and vibrant energy, everything in the universe and in our world are in constant agitation and are impermanent. Everything that arises stays not the same even for the fraction of a second but undergo changes according to time and circumstances. There is a cause to every change, the preceding changes giving rise to the present changes which in turn acts as the cause of the changes that follow.

In this impermanent world, human beings (and other beings too), go through various situations in their environment and develops likes and dislikes about things encountered. With the pile of desires in their mind living beings become restless for their fulfillment, and suffer. They suffer because what is desired are also transitory, changing and perishing, and often not within control. Propelled by desires beings go round and round in their respective life-cycles, (birth↓growth↓adulthood↓giving birth to young ones↓old age↓decay↓death) and encounter untold suffering, unfulfilled desires, bereavement of near and dear ones, contact with undesirable persons or things, diseases, and death, from one life to the next. All these cause suffering.

In this impermanent world, things come and go. Life is a series of becoming, series of manifestations and extinctions. There is nothing permanent and if only the permanent deserve to be called 'self', there is no self.

Human existence is composed of the five aggregates - 1) Forms (rupa) 2) Sensations (vedana) 3) Perceptions (sanna) 4) Formation (sanskara) and 5) Consciousness (vinnana), none of which is the self. A person is a series of change with no fixed underlying entity.

**2. Karma:**

During the rounds of rebirths that a being undergoes in this world, good conducts and good deeds, bring a pleasant and happy result, and creates a tendency for further good deeds, while bad conduct and bad deeds leads to the opposite (evil) result. No one can escape the fruits of one's actions.

**3. The Four Noble Truths:**

Buddha has formulated his unique discovery- The Four Noble Truths. They are as follow:-

a) the Truth that there is suffering in life.

b) the Truth that suffering has a cause which is desire or craving for pleasures.

c) the Truth that desire (craving) can be eliminated.d) the Truth that there is a path (Noble Eightfold Path) leading to the cessation of desires and hence suffering.The Eightfold Path is as follows:-

1) Right Views Panna (wisdom)

2) Right Resolutions

3) Right Conduct — Sila (Morality)

4) Right Speech

5) Right Livelihood

6) Right Effort — Samadhi (concentration)

7) Right Mindfulness

8) Right Concentration

By treading this path, one becomes free from suffering.

**4. The Law of Dependent origination:**

Buddha has formulated the Law of Dependent Origination according to which one conditions arises out of the preceding conditions, which further arises out of conditions preceding it. A set of events (causes) immediately gives rise to other set of events (effect) which again act as the causes of subsequent events. "This happening, that happens"- "This not happening that does not happen" -This sequence of cause and effect relationship runs through are the changes.

Considering the "Wheel of life" - one life leading to another, Buddha has stated twelve links in the chain of causation of the wheel of life as follows:-

1) Ignorance 2) Karmic Predispositions
3) Consciousness 4) Form and Body
5) Six sense organs 6) Contact
7) Feeling-response 8) Craving
9) Grasping for an object
10) Action toward life 11) Birth
12) Old age and Death

Thus, the suffering that is bound up with sensate existence is accounted for by a methodical chain of causations.

**5. Nirvana:**

The aim of the Buddhist way of life is to be rid of the delusion of self, thus freeing oneself from the chain causes by attachment to the fetters of the mundane world. One, who has done so, is free from the rounds of rebirths and has achieved enlightenment or Nirvanahood, and has become an Arhat. One can achieve Nirvanahood and yet remain socially active as did Buddha and his Arhats.

Those who have become Arhats, die out calmly. Since the fierce fires of lust, anger and delusion no longer burn in their hearts. Nirvanahood can be achieved in this very life by treading steadfastly along the Noble Eightfold Path. Buddha asserted with even more insistence that Nirvana can be experienced in this present existence by those who, knowing the truth, practice the Buddhist path.

शुभकामना !

ने.सं. ११३३ तथा शुभ-दीपावली २०६८ को उपलक्ष्यमा
हाम्रा सम्पूर्ण सदस्य महानुभावहरु तथा शुभचिन्तकहरुमा
हार्दिक मंगलमय शुभकामना
ब्यक्त गर्दछौं ।

सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.
नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर

अनिच्चावत संखारा

# हार्दिक श्रद्धान्जली



जन्म
बि.सं.१९८२ श्रावणशुक्ल षष्ठि
श्रावण १२ गते, सोमबार

दिवङ्गत :
बि.सं.२०६९ भाद्र शुक्ल पंचमी
असोज ४ गते, बिहिबार

**दिवंगत प्रेममान शाक्य**

पश्चिमाञ्चल क्षेत्रको शाक्य-वज्राचार्य समाजका चूडाकर्म गर्न योग्य बालकहरूका चूडाकर्म (व्रतबन्ध) स्थानीयतह पाल्पा तानसेनमा स्थायी रूपमा सम्पन्न गर्न तत्कालीन राजाबाट स्वीकृति लिई चूडाकर्म कार्य सम्पन्न गराउन महत्त्वपूर्ण योगदान गर्नुहुने हाम्रा प्रातः स्मरणीय, विभिन्न धार्मिक तथा सामाजिक संघसंस्थाबाट सम्मानित आदरणीय श्री प्रेममान शाक्यज्यू ८८ वर्षको उमेरमा दिवङ्गत हुनुभएकोमा वहाँको सुगति कामनासहित भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं । यस दुःखद् घडीमा हामीप्रति धैर्यधारणार्थ समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र, विभिन्न धार्मिक तथा सामाजिक संघसंस्थाहरू एवं शुभेच्छुकहरू प्रति हार्दिक कृतज्ञता एवं साधुवाद ज्ञापन गर्दछौं ।

**धर्मपत्नी : ईन्द्रकुमारी शाक्य, तानसेन-३, भिमसेन टोल**

**छोरा/बुहारीहरू :**
देबेन्द्रमान/कदम कुमारी शाक्य
सुरेन्द्रमान/पुष्पा शाक्य
अरहतमान/मधु शाक्य
गम्भीरमान/कमला शाक्य
प्रकाशमान/निना शाक्य

**नातिना/ज्वाईहरू**
किरण/प्रज्ञासागर शाक्य
रूपा/रूपेशराज शाक्य
अनुराधा/बसन्तलाल वज्राचार्य
अनुपा/रामु सिलवाल
सुश्री अमिना, सोना
बिनिता/पुरन शाक्य
प्रशंसा/ज्ञानेन्द्रमान वज्राचार्य
सुश्री प्रेक्षा, अनिशा
मनिषा, मोनिका
गरिमा, सोनिका शाक्य

**छोरी/ज्वाईहरू**
विद्या वज्राचार्य
सौभाग्य/महेन्द्रराज शाक्य
सुनन्दा/महेन्द्रमान शाक्य
रूपनन्दा शाक्य

**पनाती/पनातिनीहरू**
श्वेता, रूपशना,
प्रयास, ईशा
आयुष, शुभम्,
आदर्श, प्राची
बियुष, रोहन
प्राञ्जल, समर
रोशन, स्वयम्
हृदयस

**नाति/बुहारीहरू**
प्रचण्डमान/नम्रता शाक्य
सुनिलमान /रेखा शाक्य
राजेन्द्रमान शाक्य
मबिन्द्रराज शाक्य
आभूषण वज्राचार्य
रोहितमान शाक्य
दिपेशमान शाक्य
मनन्राज शाक्य
गौरबमान शाक्य

# बौद्ध गतिविधि

## आनन्दकुटीमा मासिक बुद्धपूजा

१४ असोज, काठमाडौं । येंयाः पुन्हि-असोज पूर्णिमाका दिन आनन्द कुटी विहारमा मासिक बुद्धपूजा, धर्मदेशना, दानप्रदान तथा भोजन कार्य सम्पन्न भयो । लंकाराम चैत्य परिसरमा दीप-प्रज्वलनपछि सामूहिक रूपमा लामबद्ध भइसकेपछि बुद्धपूजा सम्पन्न भयो । त्यसपछि कार्यवाहक विहार प्रमुख भिक्षु धर्ममूर्ति महास्थविरको सभापतित्वमा नेपालका लागि मित्रराष्ट्र श्रीलंकाका महामहिम राजदूत थोसपाल हेवगेलाई विदाई समारोहको आयोजना गरियो । नेपालमा थेरवाद बुद्धशासनको पुनर्स्थापना कालदेखि अद्यावधि श्रीलंकाबाट शासनिक सहयोग भइरहेको छ भनी भिक्षु धर्ममूर्ति महास्थविरले मैत्रीपूर्ण साधुवाद व्यक्त गर्नुभयो । बुद्धको जन्मभूमि नेपालमा राजदूत भएर सेवा गर्न पाउनु अविस्मरणीय रहने भन्नुहुँदै राजदूत हेवागेले आफूलाई नेपाली जनताले जुन सम्मान र प्रतिष्ठापूर्ण व्यवहार गरे त्यो सदा स्मरणीय रहने भनी नेपालमा आफ्नो कार्याकाल सुखद्पूर्ण रहेको जानकारी गराउनुभयो । आनन्द कुटी विहार परिवार तथा बुद्धजयन्ती समारोह समितिले संयुक्त रूपमा महामहिम राजदूतलाई विशेष धर्म-उपहार प्रदान गरिएको थियो । पंचशील-प्रार्थना र बुद्धपूजापछि भिक्षु धर्ममूर्ति महास्थविरले त्यागभावनालाई जीवनको अभिन्न अङ्गको रूपमा समेटिएर जानसके जीवनलाई सुखशान्तियुक्त बनाउन सकिने बारेमा धर्मदेशना गर्नुभयो । उपस्थित सम्पूर्ण भिक्षु, श्रामणेर, अनागारिका तथा उपासक-उपासिकाहरूका लागि जलपान-भोजन दान गरियो ।

## सुवर्ण छत्रपुर विहारमा परियत्ति प्रेरणा पुरस्कार

६ असोज, लुभू ललितपुर । अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष भिक्षु धर्ममूर्ति महास्थविरको प्रमुख आतिथ्य एवं सुवर्ण बौद्ध युवा कमिटीको आयोजनामा लुभुस्थित सुवर्ण छत्रपुर विहारमा परियत्ति प्रेरणा पुरस्कारको उद्घाटन गरियो । समाजमा नैतिक शिक्षा र परियत्ति शिक्षाको महत्त्व तथा यसको आवश्यकता औंल्याउँदै प्रमुख अतिथि भिक्षु धर्ममूर्तिले बुद्धधर्मको क्षेत्रमा युवाहरूको भूमिका, समाजको विकास र शान्तिका लागि बुद्धधर्मको महत्त्वको बारेमा स्पयट पार्नुभयो । त्यस्तैगरी विशेष अतिथि भिक्षु सरणंकरले शिक्षालाई उमेरले छेक्दैन, परियत्ति शिक्षा बालबालिका र युवाहरूको लागि मात्र नभई आमाबुबाको निमित्त पनि आवश्यक भएको कुरामा जोड दिनुभयो । सुवर्ण छत्रपुर विहारका परियत्ति विद्यार्थीहरूलाई आगामी बुद्धजयन्तीदेखि परियत्ति पोशाक दिने, परियत्तिको थप विकासका लागि जिल्लास्तरबाट रू. १ लाख विनियोजन गरिएको जस्ता कुराहरूको सार्वजनिक गरिएको सो कार्यक्रममा सुवर्ण विहारका सचिव रामगोपाल सिंह, SBYC का सल्लाहकार रविन्द्र शाक्यलगायतले बोल्नुभयो । विहारका अध्यक्ष पूर्णमान महर्जनको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा उपाध्यक्ष नविना महर्जनबाट धन्यवाद ज्ञापन तथा सरोज महर्जनले स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

## बौद्ध अध्ययन विद्यार्थी-एल्मुनाई गठन

१९ असोज, कीर्तिपुर । विज्ञान तथा प्रविधि मंत्री डा. केशवमान शाक्यले एक समारोहबीच त्रिभुवन विश्वविद्यालयअन्तर्गतको बौद्ध अध्ययन केन्द्रीय विभागका पूर्व विद्यार्थीहरूको संस्था त्रिविवि बौद्ध अध्ययन एल्मुनाई संघ-नेपाल (T.U. Buddhist Studies Alumunai Association-Nepal) को विधिवत रूपमा समुद्घाटन गर्नुभयो । उहाँले बुद्ध जन्मभूमि नेपालमा बुद्धधर्मसम्बन्धी प्राज्ञिक अध्ययन क्षेत्रको समुचित विकासका लागि सम्बद्ध सबैले जिम्मेवारीपूर्वक अगाडि बढ्नुपर्ने भनी नवसंस्थालाई उत्तरोत्तर प्रगति कामना गर्नुभयो । साथै उहाँले बौद्ध अध्ययन विभाग स्थापना कालदेखि महत्त्वपूण योगदान गर्नुहुने दिवंगत भिक्षु सुदर्शन महास्थविर, दिवंगत मीनबहादुर शाक्य, वर्तमान विभागीय प्रमुख डा. मिलनरत्न शाक्य, निवर्तमान विभागीय प्रमुख डा. नरेशमान शाक्य, पूर्व विभागीय निमित्त प्रमुख डा. भद्ररत्न वज्राचार्यलाई कदर-पत्रसहित सम्मान गर्नुभयो । सोही समारोहमा भिक्षु कोण्डन्यले **"बुद्धधर्म : प्राज्ञिक अध्ययन एक अवसर तथा अर्को चुनौति"** विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्र-विषयक प्रश्नोत्तरपछि सम्मानित व्यक्तित्वहरूले एल्मुनाई संघको आवश्यकता एवं औचित्यता बारे प्रकाश पार्नुभई नेपालमा बौद्ध अध्ययन अध्यापनको भविष्य बारेमा चिन्ता व्यक्त गर्नुभयो । संस्थाका अध्यक्ष सुरेन्द्र शाक्यको सभापतित्वमा सम्पन्न सो समारोहमा सदस्य राजेन्द्रमान वज्राचार्यले स्वागत गर्नुभएको थियो ।

You may Visit : www.anandabhoomi.com

## आनन्द कुटीको स्थापना दिवस

२० असोज, काठमाडौं । नेपालमा स्थविरवाद बुद्धधर्म पुनर्जागरणमा योगदान पुऱ्याउने एवं आनन्दकुटी विहारका संस्थापक



भिक्षु धम्मालोक महास्थविरको ४५ औं स्मृति-दिवस एवं विहारको ७३औं स्थापना दिवस मनाइयो । प्रमुख अतिथि वातावरण विज्ञान तथा प्रविधि मन्त्री डा. केशवमान शाक्यले बुद्धधर्म र समाज सुधारको अभियानमा भिक्षु धम्मालोक परिवर्तनकारी भिक्षु रहेको बताउँदै बौद्ध समाजमा परिवर्तनको चेतना प्रवाह गर्न उहाँको ठूलो योगदान रहेको उल्लेख गर्नुभयो । नेपालका संघनायक अश्वघोष महास्थविर तथा विहार प्रमुख भिक्षु मैत्री महास्थविरले सभापतिको आसनबाट पुराना पुस्ताका भिक्षुहरूको त्याग, संघर्ष, मूल्यांकन र कमिकमजोरी केलाएर नयाँ पुस्ताका भिक्षुहरूले लोककल्याणकारी कार्य गर्दै बुद्धधर्मको विकास गर्नुपर्ने खाँचो औंल्याउनुभयो । अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कोण्डन्यले भिक्षुहरूले बुद्धधर्मको माध्यमबाट समानता र स्वतन्त्रता प्राप्तिको आन्दोलनमा पुऱ्याउनुभएको योगदानको चर्चा गर्दै सामाजिक परिवर्तनमा धार्मिक क्षेत्रको भूमिकाको चर्चा गर्नुभयो । राणकालमा बुद्धधर्म, समाज सुधार अयिभानबाट भिक्षु धम्मालोकले रणाविरोधी आन्दोलनमा पुऱ्याउनुभएको योगदान बारे पूर्वमन्त्री तीर्थराम डंगोल, विहारका सचिव एवं कार्यवाहक विहार प्रमुख भिक्षु धर्ममूर्ति, युवा बौद्ध समूहका अध्यक्ष त्रिरत्न तुलाधरलगायतले चर्चा गर्नुभयो ।

## आनन्दकुटीको वार्षिक सभा

२० असोज, स्वयम्भू । आनन्द कुटी विहारका प्रमुख एवं विहार संस्थाका अध्यक्ष भिक्षु मैत्री महास्थविरको सभापतित्वमा आनन्दकुटी विहारको ४० औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । विहारका कार्यवाहक प्रमुख एवं संस्थाका सदस्य सचिव भिक्षु धर्ममूर्ति महास्थविरले स्वागत मन्तव्यसँगै प्रस्तुत गर्नुभएको वार्षिक-आर्थिक प्रतिवेदनलाई छलफलपछि अनुमोदन गरियो । २०२९ सालमा दिवगंत आचार्य डा. भिक्षु अमृतानन्द महानायक महास्थविरद्वारा संस्थापित आनन्द कुटी विहार गुठीको विधान संशोधन भई आनन्दकुटी विहार संस्थामा परिणत भएको थियो । सभामा प्रस्तुत आर्थिक विवरणअनुसार **आर्थिक वर्ष २०६८-२०६९ को कुल संचित रकम रु. १,७४,६७,८६८।०७ (एक करोड चौहत्तरलाख सत्सट्ठिहजार आठसय अठ्सट्ठिरुपैंया सातपैसा) विहारको पुँजीकोष** रहेको जनाइएको छ । प्रस्तुत प्रतिवेदनका बारेमा अध्यक्ष भिक्षु मैत्री महास्थविर, कार्यकारिणी सदस्यहरू भिक्षु कोण्डन्य, ज्ञानकाजी शाक्य, जुजुभाई तुलाधर तथा आजीवन सदस्य अमृतरत्न ताम्राकार, पूर्णरत्न शाक्य, मोतिलाल नकर्मीले जिज्ञासासहित मन्तव्य व्यक्त गरे ।

## नगदेश बौद्ध समूहको अपील

२४ असोज, ठिमी । गत १४ असोजमा मित्रराष्ट्र बंगलादेशको उत्तरी भागका केही बौद्ध विहारहरूमा आगजनी एवं बौद्ध भिक्षुहरूमाथि केही मुश्लिम अतिवादी समूहबाट हातपात गरिएको घटना प्रति खेद प्रकट गर्दै नगदेश बौद्ध समूह, ठिमीले एक कार्यक्रम गरी दोषी उपर कारवाही गर्न बंगालादेश सरकारलाई अपिल गरेको छ । साम्प्रदायिक सद्भावना कायम राखी बुद्धधर्मका अनुयायीहरूप्रति त्यहाँको सरकारले मैत्रीपूर्ण सद्भाव र सहानुभूतिपूर्वक क्षतिग्रस्त विहारको पुनः निर्माण एवं उचित क्षतिपूर्ति दिलाई शान्तिपूर्ण वातावरणमा जीवनयापन गर्न गराउन समेत समूहले अपिल जारी गरेको छ ।

यसरी नै अमेरिकी जुत्ता कम्पनी आइकनशुले बुद्धतस्विर अंकित जुत्ता निर्माण गर्ने कुत्सित कार्यप्रति नगदेश बौद्ध समूहले गत भाद्र ५ गते आपत्तिसहित रूष्टता प्रकट गरेको थियो ।

## बंगलादेशी राजदूतावासमा ज्ञापनपत्र

२६ असोज, काठमाडौं । बंगालादेशको उत्तरी भागका विभिन्न बौद्ध विहारहरूमा केही अतिवादीहरूबाट आगजनी एवं बौद्ध अनुयायीहरूमाथि आक्रमण भएको घटनाप्रति ध्यानाकृष्ट गराउँदै धर्मोदय सभाको अगुवाइमा विभिन्न एकदर्जनभन्दा बढी बौद्ध संघसंस्थाहरूले नेपालस्थित बंगलादेश राजदूतावासमा संयुक्त रूपमा ज्ञापनपत्र बुझाए । ज्ञापनपत्रमा कसैको धार्मिक आस्थामाथि चोट पुऱ्याउने कार्य जोसुकैले गरेको भए पनि निन्दनीय रहेको भन्दै त्यसलाई रोक्न माग गरिएको छ । बौद्धहरूको शान्तिपूर्ण आग्रहलाई कमजोर मानसिकताको उपजको रूपमा नलिन पनि ज्ञापनपत्रमा उल्लेख गरिएको छ । बौद्ध संघसस्थाहरूको गत असोज १९ र २४ गते भृकुटीमण्डपस्थित बुद्धविहारमा बसेको अनौपचारिक भेलाले घटनाको भर्त्सना गर्दै ज्ञापन-

पत्र बुझाउने निर्णयमा पुगेको हो । धर्मोदय सभाका उपाध्यक्ष पद्मज्योतिले राजदूतको अनुपस्थितिमा दूतावासका दुतीय प्रमुखलाई ज्ञापन-पत्रको औचित्य बारे प्रष्ट पार्नुभएको सो भेटमा अत्यन्त मैत्रीपूर्ण वातावरणमा चियापानसहित उपस्थित सबैको परिचयात्मक वार्तालाप समेत भएको थियो । धर्मोदय सभा, अखिल नेपाल भिक्षु महासंघ, नेपाल बौद्ध महासंघ, युवा बौद्ध समूह-काठमाडौं, युवक बौद्ध मण्डल-ललितपुर, बौद्ध धर्म संरक्षण सरोकार समन्वय नेपाल, मैत्रेय युवा संघ-भक्तपुर, बौद्ध शिक्षा तथा सामाजिक विकास केन्द्र, बौद्ध युवा कमिटी-ललितपुर, बौद्ध महिला संघ, नेपाल वज्रयान महासंघ, वज्राचार्य संरक्षण गुठी, बौद्ध जागरण केन्द्रलगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरू उपस्थित भेलाले बौद्ध धर्मावलम्बीहरूमाथिको आक्रमण रोक्न परराष्ट्र मन्त्रालयमार्फत् कुटनीतिक पहल गर्न तथा समयानुकूल आवश्यक कदम चाल्ने निर्णय गरेको छ ।

## दिवंगत शाक्यको गुणानुस्मृति सभा :

२९ असोज, ललितपुर । बौद्ध विद्वान दिवंगत मीनबहादुर शाक्यको स्मृतिमा ललितपुरका करिब एक दर्जन बौद्ध संघसंस्थाहरूको संयुक्त आयोजनामा स्थानीय न्याखाचुकमा गुणानुस्मृति-सभा सम्पन्न गरियो । वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशीले दिवंगत शाक्यले नेपालको वज्रयानी



बुद्धधर्मको अध्ययन-अनुसन्धान र त्यसलाई फैलाउन पुऱ्याउनुभएको योगदानको चर्चा गर्नुभयो । अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कोण्डन्यले दिवंगत शाक्यको निधनले बुद्धधर्मको विकास र विस्तारमा क्षति पुऱ्याएको बताउँदै उहाँको व्यक्तित्वबाट प्रेरित भएर बुद्धधर्मको ज्ञाता नयाँ पिँढीहरू तयार पार्नुपर्ने धारणा राख्नुभयो । सो स्मृति-सभामा त्रिभुवन विश्वविद्यालय बौद्ध अध्ययन केन्द्रीय विभागका प्रमुख डा. मिलनरत्न शाक्य, लोटस रिसर्च सेन्टरका अध्यक्ष एवं लोटस एकेडेमिका प्रिन्सिपल डा. भद्ररत्न वज्राचार्य, नागार्जुन बौद्ध अध्ययन संस्थानका अध्यक्ष डा. वज्रराज शाक्य, बौद्ध विहार संघका अध्यक्ष बाबुराज वज्राचार्य, युवक बौद्ध मण्डलका अध्यक्ष सुरेन्द्र शाक्य तथा दिवंगत शाक्यका दुई छोरा मिलन शाक्य र डा. शाक्यलगायतले दिवंगत मीनबहादुर शाक्यको प्राज्ञिक व्यक्तित्व एवं विश्वविद्याल र कलेजमा बुद्धधर्म अध्ययन गराउन उहाँले निर्वाह गर्नुभएको भूमिकाको बारेमा बोल्नुभयो । बौद्ध विहार संघ, युवक बौद्ध मण्डल, लोटस रिसर्च सेन्टर, विश्वशान्ति पुस्तकालय, वज्राचार्य पूजाविधि, मच्छिन्द्र युवा समूहलगायत संघसंस्थाको आयोजनामा सो स्मृतिसभा सम्पन्न भएको थियो ।

## पूण्यतिथिमा मासिक भोजन

३ कार्तिक, काठमाडौं । दिवंगत संघउपनायक आचार्य भिक्षु कुमार काश्यप महास्थविरको पुण्यस्मृतिमा एक वर्षसम्म नियमित रूपमा मासिक धर्मकर्म गर्ने निर्णयअनुरूप बुद्धविहार भृकुटीमण्डपमा भिक्षुसंघ तथा अनागारिका संघलाई भोजदान-पूण्यकर्म सम्पन्न गरियो । उक्त दिन स्वयम्भूका उपासक मचाकाजी महर्जन स-परिवारले भोजन गराउनुभयो । '**आचार्य भिक्षु कुमारकाश्यप धार्मिक कोष**' का लागि भनी कृष्णदेवी वज्राचार्य, ॐबहालबाट रू. १,००५।- सहयोग प्राप्त भएको छ ।

## बौद्ध महासंघको साधारण सभा

४ कार्तिक, बौद्ध-काठमाडौं । नेपाल बौद्ध महासंघको छैठौं वार्षिक साधारण सभा रिन्पोछे गुरूजीको प्रमुख आतिथ्यत्व एवं महासंघका अध्यक्ष खेन्पो वागेन्द्रशील (नन्दप्रसाद तिमिल्सिना) को सभापतित्वमा सम्पन्न भयो । विशेष अतिथि अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कोण्डन्य, लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा. डा. त्रिरत्न मानन्धर, पूर्व सभासद्द्वय जिप छिरिङ्ग लामा, पासाङ्ग शेर्पा, डब्लु डब्लु एफ नेपालका निर्देशक डा. घनश्याम गुरूङ्गलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभयो । नेपाल बौद्ध महासंघका महासचिव आचार्य कर्मा साङबो शेर्पाले वार्षिक प्रतिवेदनसहित वर्षमा एउटा बुद्धधर्म-दर्शनसम्बन्धी गोष्ठी गर्ने र साकादावा-त्रिदिवसीय मोन्लम पूजा लुम्बिनीमा गर्ने भनी प्रस्तुत गरिएको प्रस्ताव पारित गरियो । महासंघका कोषाध्यक्ष आचार्य नुर्बु शेर्पाले जम्मा आय रकम रू. ५,६६६,१५१।-, जम्मा खर्च रू. २,०३३,४१९।- तथा जम्मा बाँकी मौज्दात रकम रू. ३,६३२,७३२।- सहित आर्थिक प्रतिवेदन प्रस्तुग गर्नुभयो । महासंघका उपाध्यक्ष लामा थुप्तेन जिक्दोलले स्वागत गर्नुभयो ।

# दश पारमिता पिदन



बुद्ध जुइम्ह, बोधिज्ञान प्राप्तिया लँपुइ न्ह्यानाच्वंम्ह सम्यक् सम्बोधि प्राप्तिया लागी पारमिता-धर्मरूपी अभ्यासय् दिपाः मदयक न्ह्यानाच्वनीम्ह कल्याणधर्मी, कल्याणमित्र बोधिसत्त्वं फिगू पारमिता, उपपारमिता अले परमत्थ पारमिता पूर्णयासें सम्यक् सम्बुद्ध जूगु खः । उपिं पारमिता धर्मयात न्हिथंया जीवनय् जीवन्तकथं छ्यलाबुला याये गुलि त अःपु-थाकु धैगु बुद्धवचन त्रिपिटकया अनुवादक दुण्डबहादुर वज्राचार्यपाखें हालसालय् अनुदित सम्पूर्ण ५४७ पु जातक बाखंया अध्ययनं स्पष्ट जुइ । पालि त्रिपिटकअन्तर्गत जातकया सन्देशमूलक ब्व सर्वसाधारणं याउँक ब्वने अःपुइगु अले बःचा हाकलं थी थी जातक बाखंलिसें सान्दर्भिक कथात्मक पक्षयात न्ह्यब्वयातःगु **"दश पारमिता"** नांगु अत्यन्त ग्यसुलाःगु, धर्मगौरवया दृष्टिं नं च्वछायेबहःगु बौद्ध-वाङ्मयिक कृतिया च्वमि नेपाःया छम्ह ऐतिहासिक भिक्षु, थौंतक छम्हयां छम्ह त्रिपिटकाचार्य वसपोल कुमार काश्यप महास्थविरया धार्मिक परिश्रमरूपी च्वसां पीदँ न्ह्यवः हे पिदने धुंकूगु सफू थौं हाकनं बुद्धविहार भृकुटीमण्डप व थेरवाद फाउण्डेशन नेपालपाखें पिथने ज्या जूगु दु सा । थुगु सफू भिक्षु सम्यक् सम्बोधि प्राणपुत्र व कोण्डन्यपाखें अनुवाद/सम्पादन जुयाः नेपाली भाषं वि.सं. २०५९ स सुर्खां होतु नेपालपाखें १००० प्रति पिदंगु खःसा सुखी होतु नेपालं वि.सं. २०६० स उगु सफू १०,००० प्रति ताइवानया The Corporate Body of the Buddha Educational Foundation पाखें पिथंगु लुमंकेबहः जू ।




नेपाःया पूज्यपाद संघनायक भिक्षु अश्वघोष महास्थविरं पिदंगु सफुती लय्ताः खँ च्वयाबिज्याःगु दु सा नेपालय् त्रिपिटक अनुवादक कथं बिस्कं म्हसिका दुम्ह उपासक दुण्डबहादुर वज्राचार्य निगू शब्द च्वयाबिज्याःगु दु । फुकंयाना २५६ पृष्ठया थुगु सफुती च्वमि दिवंगत कुमार भन्तेया अन्तिम च्वसाकथं दुण्डबहादुर वज्राचार्यपाखें नेपाल भाषाय् अनुदित जातक बाखं (खुद्दा ५४७ पु सम्पूर्ण जातक) त्रिपिटक ग्रन्थय् दुत्युंगुयात हाकनं लिसा कया पाठक वर्गयात जातक बाखंया महत्ता व विशेषता बारे उत्प्रेरित यायेगु कुतः यानातःगु दु ।

तापा बाज्या दिवंगत दान धर तुलाधर, तापा अजिपिं दिवंगत लानि थकुं व दिवंगत रत्नशोभा बनिया, बाज्या दिवंगत शील धर, अजि दिवंगत अष्टलक्ष्मी, बा संघ धर तुलाधर व मां हेराशोभा तुलाधरया सुगतिसहित निर्वाण कामना यासें जनबहाः येंया तुलाधर दाता धर-परिवारपिं प्रेम धर, तिर्थ धर, पद्म धर, त्रिभुवन धर, धर्मलक्ष्मी व सुश्री कमललक्ष्मी तुलाधर सपरिवारपाखें धर्मदानस्वरूप थुगु महत्त्वपूर्ण सफू ११०० प्रति पिदंगु खः । दाता परिवारपिनि जन्मदाता मां उपासिका हेराशोभा तुलाधर दिवंगत जूगु पुण्यतिथि २०६९ कार्तिक २ तृतीया दिंस भिक्षुसंघयात भोजनदानसहित थःथिति, इष्टमित्रपिन्त ब्वनाः दश पारमिता सफू सकलसितं धर्मदानया ज्या जूगु खः । नेवाः भाषं अध्ययन याये न्ह्याःपिं ईच्छुकपिसं बुद्धविहारय् स्वापू तया बिज्यायेफु ।

## त्रिपिटक अनुवाद ग्रन्थ पिदनीगु धार्मिक गौरवंयुक्त बुखं

अनुभवी अनुवादक अग्गमहासद्धम्मजोतिकधज धम्माचरिय भिक्षु ज्ञानपूर्णिक महास्थविरपाखें "पटिसम्भिदामग्ग", भिक्षु धर्मगुप्त महास्थविरपाखें "पट्ठान" न्यागू भोलुम, धम्माचरिय अनागारिका विमलञाणीपाखें "यमक" स्वंगू भोलुम, धम्माचरिय अनागारिका अग्गञाणीपाखें "धम्मसङ्गणी", अनुवाद ज्या क्वचाःगु जुल । प्रकाशनया लागी तयारी ग्रन्थत याकनं पिदनेत्यंगु भी सकसियां लागी अतीव धर्मगौरवया विषय खः । त्रिपिटक अनुवाद मण्डल नेपाल, वीरपूर्ण पुस्तक संग्रहालय, यलया ग्वसाःकथं मेमेगु त्रिपिटक ग्रन्थत नं प्रकाशोन्मुख ज्याखँ न्ह्यानाच्वंगु दु ।